का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ५
❐ २० माघ २०७६, सोमबार
❐ 3 February 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# एमसीसी कार्यदलमा

**माघ १५ गतेदेखि राष्ट्रियसभा गृहमा जारी नेकपाको केन्द्रीय कमिटी बैठक एघार बुँदे निर्णय सार्वजनिक गर्दै आइतबार सकिएको छ । बैठकमा अध्यक्षद्वय केपी ओली र प्रचण्डले सम्बोधन गरेका थिए ।**




**बिरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, १९ माघ

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले अबदेखि तीनै तहका सरकारले पार्टीको निर्देशन मान्ने बताएका छन् । केन्द्रीय कमिटी बैठकको समापन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी ओलीले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारले पार्टीको निर्देशन मान्नैपर्ने बताएका हुन् । उनले जनतामा सुशासन र स्वच्छताका लागि नेकपा नेतृत्वको सरकार बनेको भन्दै पार्टीले नै सरकार चलाउने भएकाले पार्टीको निर्देशन सरकारले मानेर जानुपर्ने बताए । केन्द्रीय कमिटी बैठकमा नेताहरुले सरकारले पार्टी चलाएको हो वा पार्टीले सरकार चलाएको भन्दै पार्टीको निर्देशनमा सरकार चल्नुपर्ने माग राखेका थिए ।

प्रधानमन्त्री ओलीले 'विधि प्रणाली, पद्धतिमा पाटी चल्छ । सामूहिक नेतृत्वमा पार्टी चल्छ । सरकारलाई पार्टीले सहयोग गर्छ' भन्ने धारणा राखेका हुन् । उनले कुनैपनि तहको सरकारमा रहेका आफ्ना पार्टीका नेता कार्यकर्ताहरुले भ्रष्टाचार गरेको फेला परे कडा कारवाही हुने चेतावनी समेत दिए । यसअघि अर्का अध्यक्ष प्रचण्डले बैठकमा भएका छलफलबाट प्राप्त सुझावलाई मनन गर्दै पार्टी अघि बढ्ने बताए ।

बैठकमा अध्यक्षाद्वयको जवाफपछि पार्टी तथा सरकार सञ्चालनको शैलीप्रति असन्तुष्टि जनाएका नेताहरुले नेतृत्वले आफ्ना मागहरु सम्बोधन गर्ने प्रतिवद्धता जनाएकाले बैठक ऐतिहासिक बनेको प्रतिकृया दिएका छन् ।

बैठकले अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन( एमसिसी)बारे सुझाव दिन पार्टी वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ । समितिमा पार्टी नेता भीमबहादुर रावल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली रहेका छन् । एमसिसीअन्तर्गत अमेरिकाले नेपाललाई विद्युत् र सडकमा खर्च गर्न रु ५१ अर्ब दिने सम्झौतामा उल्लेख छ । सम्झौतामा एमसिसीलाई सङ्घीय संसद्ले अनुमोदन गर्नुपर्ने जनाइएको छ ।

नेता रावल एमसीसीको विरोध गर्दै आएका छन् भने नेकपाको शीर्ष नेतृत्वले एमसीसी पारित गर्नु पर्ने पक्षमा छन् । पार्टीभित्र एमसीसी विवाद चर्केपछि केन्द्रीय समिति बैठकले अध्ययन समिति गठन गरेको हो । आइतबार नेकपाको सचिवालय बैठकले अध्ययन समिति गठन गर्ने निर्णय गरेको थियो । त्यसपछि केन्द्रीय समिति बैठकले पारित गरेको हो । समितिलाई अध्ययनका लागि १० दिनको समय दिइएको छ ।

- ❖ राजनीतिक तथा सांगठानिक प्रतिवेदन पारित
- ❖ एघार बुँदे निर्णय सार्वजनिक
- ❖ एमसीसी अध्ययन गर्न कार्यदल गठन
- ❖ भारतीय नक्सा अस्वीकार
- ❖ बामदेव गौतम उपाध्यक्ष
- ❖ बालुवाटारमा रात्रिभोज
- ❖ बल्खुमै पार्टी कार्यालय बनाइने
- ❖ नेताहरूको सम्पत्ति आयोगले छानबिन गर्ने

बैठकले भारतले हालै जारी गरेको नयाँ नक्सा अमान्य हुने निर्णय गरेको छ । भारतले हालै नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतका क्षेत्र आफ्नो भूभागमा समेटी नयाँ नक्सा जारी गरेको थियो । त्यसविरुद्ध नेपालमा चर्को जनआक्रोश पैदा भएको छ । सत्तारुढ दल नेकपाले सो नक्सा अमान्य हुने घोषणासहित नेपाल सरकारलाई अतिक्रमित भूमि समेटेर नयाँ नक्सा जारी गर्न सुझाव पनि दिएको छ ।

बैठकले अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डको राजनीतिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ । बुधबारदेखि सुरु भएको केन्द्रीय समिति बैठकमा समूहगत छलफल बाँकी पृष्ठ २ मा

# उखु किसान पुनः आन्दोलित



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

सरकारसँग भएको ५ बुँदे सहमति पालना नभएपछि उखु किसानले पुनः आन्दोलन गर्ने भएका छन् । किसानहरुको रकम भुक्तानी नपाएको तथा उखु खेतीको संरक्षणका लागि भन्दै किसानहरुले आइतबारदेखि आन्दोलन सुरु गरेका हुन् । घोषित कार्यक्रमको तालिका नै उनीहरुले सार्वजनिक गरेका छन् । उखु किसान संघर्ष समिति सर्लाहीका अध्यक्ष रावस्वार्थ राय, सचिव हरिश्याम राय र उखु कृषक रामविलास महतोले आइतबारदेखि फागुन ५ गतेसम्म उखु किसानको बक्यौता रकमको विवरण गाउँमै पुगेर संकलन गर्ने कार्य सुरु गरेका छन् ।

त्यस्तै फागुन ६ देखि २१ गतेसम्म उखु किसानको एकछाक मात्र खाना खाएर खेतमा काम गर्ने, २२ गतेदेखि चैत २ सम्म चलु काठमाडौं भरु काठमाडौं अभियान सञ्चालन गर्ने र चैत ४ देखि माइतीघर मण्डलामा आएर पुनः अनशन गर्ने समयतालिका सार्वजनिक गरिएको छ । विगत १८ महिनायता उखु किसानले भुक्तानी माग गर्दै आन्दोलनरत छन् । सोही क्रममा उनीहरुले काठमाडौं केन्द्रित आन्दोलन गरेका थिए । आन्दोलनकै क्रममाा सरकार र किसानबीच पुस १८ मा उद्योग मन्त्रालयमा माघ ७ सम्म चिनी मिल मालिकले र सरकारले दिनुपर्ने अनुदान रकमसहित सबै बक्यौता किसानलाई दिने सम्झौता भएको थियो । तर पनि सम्झौता कार्यान्वयन नभएकोले किसानले पुनः आन्दोलन घोषणा गरेका हुन् । अघिल्लो आन्दोलनपछि केही मिलले भुक्तानी गरे पनि अझै करोडौं भुक्तानी नभएपछि किसान पुनः आन्दोलित हुनपुगेका हुन् ।

# ६ वर्षीया बालिका अपहरित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ


भक्तपुरबाट अपरहणमा परेकी ६ वर्षीया बालिकाको ५ घण्टाभित्रै प्रहरीले सकुशल उद्धार गरेको छ । अपरहण भएको ५ घन्टाभित्रै प्रहरीले बालिकाको उद्धार गर्नुको साथै अपहरणमा संलग्न एक व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी नगरपालिका-५ घर भई भक्तपुर बोडे बस्ने २० वर्षीय आशिष थापा रहेका छन् । थापाले आइतबार १२ बजे सूर्यविनायक नगरपालिका-५ ग्लोरी इंग्लिस स्कूलमा अध्ययन गर्ने ६ वर्षीया बालिकालाई अपहरण गरेका थिए ।

अपहरण गरेर थापाले १६ लाख रुपैयाँ फिरौतीसमेत माग गरेको प्रहरीले जनाएको छ । भक्तपुरस्थित घ्याम्पेडाडाँ जंगलमा मुखमा टेप लगाएको र हात बाँधेको अवस्थामा महानगरीय प्रहरी अपराध महाशाखा र महानरीय प्रहरी वृत्त ठिमीले बालिकाको उद्धार गरेको हो । पहँलो छिर्के ज्याकेट, निलो जिन्स पाइन्ट, कालो स्पोर्ट जुत्ता लगाएका व्यक्तिले अल्फाबेट नखुलेको १६२० नम्बरको कालो रंगको मोटरसाइकलमा राखेर बालिका अपहरण गरी लगेको भन्ने सूचनाका आधारमा ठिमी वृतले अनुसन्धान अघि बढाएको थियो ।

महाशाखा र वृत्त संयुक्त अपरेसनबाट अपहरणकारी थापालाई ५ बजेर २० मिनेटमा प्रहरीले पक्राउ गरेको प्रहरीले जनाएको छ । उनले बालिकालाई घ्याम्पेडाँडास्थित जंगलमा लगी हात पछाडि लगेर बाँकी पृष्ठ २ मा

# कहाँ राख्ने चीनबाट ल्याइएकालाई ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ



कारोना भाइरस प्रभावित चीनको वुहानबाट नेपाली विद्यार्थीहरु फिर्ता आउने भएका छन् । वुहानमा रहेका १ सय ७७ नेपाली विद्यार्थीलाई नेपाल ल्याइने तयारी भएको सरकारले जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी १ सय ७७ जना विद्यार्थीलाई नेपाल ल्याउने तयारी भएको जानकारी दिएको हो । चीनको वुहानमा कोरोना भाइरसको संक्रमण फैलिएपछि नेपाली विद्यार्थीलाई नेपाल फिर्ता ल्याउन लागिएको हो । बेइजिङस्थित नेपाली दूतावासले वुहानमा रहेका नेपाली विद्यार्थीहरुलाई सुरक्षित तबरले नेपाल ल्याउनका लागि फाराम भर्न शनिबार नै सूचना जारी गरिसकेको छ ।

उनीहरुलाई नेपाल ल्याइँदा चीनबाट प्रस्थान गर्ने विमानस्थलमा स्वस्थ्य परीक्षण हुनेछ भने त्रिभुवन अन्तरराष्ट्रिय बाँकी पृष्ठ २ मा

## आम व्यवसायीको श्रम काउन्सेलरसँगको गुनासो

# साउदीमा रहेको दूतावासमा नै सर्वाधिक समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

वैदेशिक रोजगार व्यवसायीहरुले साउदी अरबको वैदेशिक रोजगारीमा रहेको समस्या तत्काल समाधानको पहल गर्न नवनियुक्त काउन्सेलर श्रमसँग आग्रह गरेका छन् । कार्यक्षेत्रमा जिम्मेवारी सम्हाल्न साउदी अरेबिया, यूएई र बहराईन जान थालेका काउन्सेलर श्रम र श्रम सहचारीहरुलाई बिदाईका क्रममा वैदेशिक रोजगार व्यवसायीहरुले उक्त आग्रह गरेका हुन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जिम्मेवारी सम्हाल्न जान थालेका साउदी अरेबियाको रियादका लागि नवनियुक्त काउन्सेलर श्रम जीवन कुमार राई, यूएईको आबुधावीस्थित नेपाली दूतावासकी काउन्सेलर श्रम निर्मला थापा तथा कतारका श्रम सहचारी अनुज गौतमलाई आइतबार संक्षिप्त कार्यक्रम गरी बिदाई गरेको हो । बहराईनका लागि श्रम सहचारीमा नियुक्त दामोदर दाहाल भने कार्य व्यवस्तताका कारण बिदाई कार्यक्रममा उपस्थित हुन सकेनन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पुस २१ गते नियुक्त गरेका उनीहरु सोमबार नै कार्यक्षेत्रमा जाने तयारीमा रहेको बताएका छन् । संघका अध्यक्ष विष्णुप्रसाद गैरेले साउदी अरबमा



नेपाल सरकारले तोकेको तलव कार्यानवयनमा समस्या रहेको अवगत गराउँदै नेपाली कामदारले पाउने वास्तविक तलव अनुसारको डिमाण्ड प्रमाणीकरण हुनुपर्ने व्यवस्थाको माग गरे ।

वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमा रोजगारदाताबाट कागजपत्र अपलोड गर्ने प्रणालीको विकास गर्ने विषयमा दूतावासहरुले भूमिका खेल्नुपर्ने माग गर्दै अध्यक्ष गैरेले खाडीका विभिन्न देशमा कामदारलाई कानूनी समस्यादेखि उद्दार तथा राहतका विषयमा समस्या रहेकाले त्यस विषयमा ध्यान दिन आग्रह गरे । उनले कामदारको अधिकार र व्यवसायीहरुका हितका विषयमा सहकार्य गर्न संघ तयार रहेको जानकारी दिए ।

संघका पूर्व अध्यक्ष विमल ढकालले काउन्सेलर श्रम र श्रम सहचारीहरुले सकारात्मक भई काम गरिदिए मात्र पनि वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधान गर्न सहज हुने भन्दै साउदी अरबमा देखिएका समस्यामा तत्काल ध्यान दिन माग गरे ।

दूतावासमा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ३ दिनमै सरुवा !

**काठमाडौं/मस–** एक कार्यालयबाट अर्को कार्यालयमा त्यो पनि प्रमुख पदमै सरुवा भएको ३ दिनमै फेरि सरुवा हुनुलाई कसरी लिने ? वैदेशिक रोजगार कार्यालय ताहाचलमा प्रमुखको रुपमा सरुवा भएकी सह सचिव रुद्रादेवी शर्माको ३ दिनमै भएको सरुवाले यो प्रश्न उत्पन्न भएको छ । गत बुधबार सरुवा भएकी शर्माको आइतबार नै गृह मन्त्रालयमा सरुवा भई जिल्ला प्रशासन कार्यालय रामेछापमा प्रमुख जिल्ला अधिकारीको रुपमा सरुवा भएको छ ।

मध्यान्हले आइतबारको अंकमा ताहाचल कार्यालयमा महिला प्रमुख शीर्षकमा उक्त कार्यालयमा प्रायः कोही सह सचिव प्रमुख भएर जान वा बस्न नचाहने गरेको समाचार सार्वजनिक गरेको थियो । मन्त्रालय सुत्रका अनुसार उक्त कार्यालयमा अब फेरि उपसचिव देवेन्द्र कार्की नै निमित्त प्रमुख रहने भएका छन् ।

यसैबीच वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालको पनि सरुवा भएको चर्चा चलेको छ । करिब १० महिना अगाडि विभागमा महानिर्देशकका रुपमा आएका डा. भूसालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सरुवा भएको बताइएपनि यसको आधिकारी पुष्टी भने हुन सकेको छैन ।



Free Visa ! Free Ticket !! सहित
UAE मा Taxi Driver हरुलाई रोजगार

कम्पनी: TAWASUL TRANSPORT L.L.C
शहर: ABU DHABI
L.T. No.: 230851

1. Taxi Driver 100 0 1500

Driver हरुले AED 3500 देखि Aed 4000 भन्दा माथि कमाउन सकिनेछ ।
Nepali, UAE र GCC License भएकाहरुले सम्पर्क राख्नु होला ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १५ गते (27 Feb.2020) मा हुनेछ ।

SDHR
Supa Deurali Human Resource Pvt. Ltd.
Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977- 1- 4387429, Mob.: 9851175030
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com

# सुधार हुँदै प्यूठान अस्पताल

**प्युठान/रासस-** प्यूठान अस्पतालले लामो समयसम्म चिकित्सक नहुँदा आलोचना खेप्यो। करीब छ महिनासम्म बिरामीको उपचारमा समस्या पर्‍यो । सरकारीमा भन्दा निजी क्लनिकमा जाँच गराउनुपर्ने बाध्यता रह्यो ।

पछिल्लो समय अस्पताल सुधारोन्मुख छ । प्रदेश नं ५ सरकारमार्फत पाँच चिकित्सक पठाएपछि अस्पतालले स्वास्थ्य सेवामा नयाँ गति दिएको छ । प्रयोगशाला र आकस्मिक सेवाका २४सैँ घण्टा सुचारु भएको छ । लेखा प्रमुख नहुँदा रोकिएका कामसमेत डेढ महिनादेखि पदपूर्ति भएको छ। अस्पतालले लेखा अधिकृत पाएसंगै औषधि खरीद र चिकित्सक तथा स्वास्थ्यका कर्मचारीलाई तलब प्रदान गर्ने वातावरण समेत सिर्जना भएको छ ।



सेवालाई गुणस्तरीयसँगै अस्पतालको भौतिक संरचना, सेवा विस्तार र सेवा प्रवाहका सम्बन्धमा सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समितिका प्रमुख एवं अस्पताल विकास समिति अध्यक्ष केशवराज आचार्य र प्रदेश नं ५ प्रदेशसभा सदस्य हरिप्रसाद रिजाल पहलमा कार्यक्रम सम्पन्न भएको थियो ।

विसं २०४५ मा १५ श्ययाबाट सेवा सुरुआत गरेको सो अस्पताल विसं २०७३ मा ५० श्ययामा वृद्धि गरिएको थियो । तर स्वीकृत पाएको चार वर्ष बित्दासमेत ती श्ययाको सेवा सञ्चालनमा आएको छैन । भौतिक संरचना नभएका कारण श्यया बनाउन नसकिएको जनाइएको छ । श्यया थप गर्न ३५ रोपनी जग्गा आवश्यक पर्ने र हाल अस्पतालको ३१ रोपनी मात्र जग्गा छ ।

अस्पताललाई जग्गा सहयोग गर्न यस क्षेत्रका स्थानीयवासीले जागरुपता देखाएका छन् । स्थानीय आनन्दकुमार श्रेष्ठले जग्गाका कारणले नरोकी आवश्यक सरसल्लाहका साथ अगाडि बढ्न अन्तरक्रियामा अस्पताल समितिलाई आग्रह गरे ।

अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव छ । ५४ जनाको दरबन्दी रहेको अस्पतालमा ३१ मात्र चिकित्सक अस्पतालमा रहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट अमृत पन्थीले जानकारी दिए । रोगअनुसारका विशेषज्ञ चिकित्सक नहुँदा सेवामा गुणस्तरीयता दिन नसकिएको उनले बताए ।

अस्पतालमा स्वास्थ्य बीमाको ४३ प्रकारका औषधि, २४सैँ घण्टा ल्याव, एक्सरे सेवा सञ्चालन, प्रसूति प्रोत्साहन तथा यातायात खर्च नियमित उपलब्ध गराएको, नवजात शिशुलाई न्यानो झोला वितरण, फिजियोथेरापी सेवा शुरु, खाद्यान्न, आमा सुरक्षा कार्यक्रमका लागि औषधि तथा औषधिजन्य सामग्री खरीद प्रक्रिया अगाडि बढाइएको निमित्त प्रमुख डा पन्थीले जानकारी दिए ।

प्रदेशसभा सदस्य रिजालले प्यूठान अस्पतालमा आएका चिकित्सक टिकाउँदा अस्पताल सुधार गर्न सकिने बताए । अस्पतालमा जिल्लासँगै छिमेकी जिल्ला रोल्पा, अर्घाखाँचीका बिरामीसमेत उपचारका लागि आउने गर्दछन् ।

### सशस्त्रलाई सुरक्षा पोष्ट निर्माण गर्न एसएसबीको अबरोध

# सञ्चारकर्मीमाथि दुर्व्यवहार

**सिरहा/मस-** सिरहाको भगवानपुर गाउँपालिका ४ ठाढीस्थित दशगजा क्षेत्र नजिकै नेपाली सुरक्षाकर्मीले बनाइरहेको सुरक्षा पोष्ट निर्माणमा भारतीय सुरक्षा बल (एसएसबी) ले अवरोध गरेको छ भने नेपाली सञ्चारकर्मीहरु माथि दुर्व्यवहार गरेको छ। भारतीय एसएसबीको अवरोधका कारण दशगजा देखि करिब २५ मिटरको दुरीमा नेपाली भूमिमा सशस्त्र प्रहरी बल नेपाल (बिओपी) इनरुवाले निर्माण गर्न लागेको सुरक्षा पोष्टको निर्माण कार्य रोकिएको छ ।

दशगजा क्षेत्र (नो म्यान स्लान्ड) देखि ९ दशमलव १ मिटर सम्ममा कुनै भौतिक संरचना बनाउन नहुने व्यवस्था अनुसार दशगजादेखि करिब २५ मिटरको दुरीमा पोष्ट बनाउन खोजिए पनि एसएसबीको ए कम्पनी लौकहाका इन्सपेक्टर कुलदीप तिवारी नेतृत्वको टोलीले शनिवार अवरोध गरेको थियो ।

दशगजाको सेन्टर लाइनदेखि ९ दशमल १ मिटर क्षेत्रलाई छाडेर संरचना बनाउनुपर्ने दुबै पक्षको सहमति (नो म्यान स्लान्ड) मा व्यवस्था रहेकोले आफुहरु त्यसलाई आधार बनाएर दशगजाबाट करिब २५ मिटरको दुरीमा मात्रै पोष्ट बनाउन लागेको सशस्त्र प्रहरी निरीक्षक जिवन खतिवडाले बताए।

नेपाली भूमिमा सुरक्षा पोष्ट बनाउन खाल्डो खन्दै गरेको बेला एसएसबीको टोलीले त्यहाँ पोष्ट नबनाउन दबाब दिएपछि काम रोकिएको सशस्त्र प्रहरी निरीक्षक खतिवडाले जानकारी दिए । भारतीय पक्षको दबाबका कारण पोष्ट निर्माण कार्य रोकिए पनि छिट्टै दुबै देशको उच्चस्तरीय सर्भे टोलीबाट सर्भे गराएर पोष्ट बनाउने सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेक्का सिरहाका सशस्त्र प्रहरी उपरिक्षक प्रविण कँडेलले बताए । उनले भने 'भारतीय सुरक्षाबलले काम रोक्न आग्रह गरेपछि काम रोकेका हौं, तर केही दिन भित्रै पुनः सर्भे गराउँछौं ।' उक्त टोलीले तय गरैकै ठाउँमा पोष्ट निर्माण गर्ने सशस्त्र प्रहरी उपरिक्षक कँडेलले बताए ।

गत पुस २४ गते नेपाली पक्षका तर्फबाट नापी विभागका प्रमुख नापी अधिकृत उमेश कुमार र भारतीय तर्फबाट नापी टोलीका मन्जीत बजगाईंको संयुक्त उच्चस्तरीय सर्भे टोलीले (नो म्यान स्लान्ड) विपरित दशगजादेखि ६ मिटरकै दुरीमा भारतीय पक्षले पिलर निर्माण गर्न लागेको भन्दै रोकेको थियो ।

आफ्नै भुमिमा नेपाली सुरक्षाकर्मीले बनाइरहेको सुरक्षा पोष्ट निर्माणमा भारतीय सुरक्षाकर्मीबाट अवरोध भएको सन्दर्भमा समाचार संकलन गर्न सिरहाको भगवानपुर स्थित दशगजा क्षेत्रमा पुगेको नेपाली सञ्चारकर्मीको टोलीलाई एसएसबीका जवानहरुले दुर्व्यवहार समेत गरेका छन् ।

समाचार संकलनका लागि पुगेका मध्यान्ह दैनिकका सिरहा जिल्ला संवाददाता शुभनारायण कामती, राष्ट्रिय समाचार समितिका राजु विश्वकर्मा र नयाँ पत्रिकाका सुरेन्द्र कामतीमाथि एसएसबीका ए कम्पनी लौकहाका सदा पोशाकका सुरक्षाकर्मीहरुले दुर्व्यवहार गरेका हुन् ।

सञ्चारकर्मीलाई एसएसबीको सदा पोशाकमा रहेका जवानहरुले 'क्यामरा लिएर किन आएको ? गुप्चरी गर्न खोजेको हो ? क्यामरा खोसिदिन्छु' भन्दै धम्कीपूर्ण भाषा प्रयोग गर्दै दुर्व्यवहार गर्नुको साथै हातपात समेत गर्न खोजेका थिए ।

# योगी पुष्पराज एक महिने योग साधनामा

**काठमाडौं/मस-** नेपाल सनातन धर्म संस्कृति संगठनका प्रमुख योगी पुष्पराज पुरूष १ महिना योग साधनामा बसेका छन् । आफुले आफैंलाई नजरबन्धमा राखेर उनले साधना गरिरहेका छन्। उनले साधना अवधिभरी आँखा नखोल्ने, नसुन्ने र नबोल्ने गरी साधनामा बसेका हुन् ।

गत पुस २५ गते बाट शुरू भएको उक्त साधना यहि माघ २६ गते आइतबार साँझ सकिने संगत आश्रमका साधक गिरीराज पुरूषले बताएका छन्। पुष्पराज पुरूष ललितपुर स्थित लामाटार ढुंगिनमा रहेको संगतआश्रममा पाँचौं पटक लामो साधनामा बसेका हुन् ।



उनले १ महिना लामो साधनामा अन्न नखाई बसेका हुन् । विशेषगरी यो साधनामा उनले जलाहार मात्र सेवन गरेका छन्। नेपालको प्रमुख अभियान्ताहरू मध्ये चिनिने पुष्पराज पुरूष नेपाललाई सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र बनाउन सक्रिय देखिएका छन् । उनी असंगठित नेपालको धार्मिक क्षेत्रलाई संगठित गर्दै बलियो महाशक्ति बनाउनको लागि विगत लामो समय देखि लागिरहेका छन् ।

धर्मराज नीति मार्फत देशलाई भौतिक र आध्यात्मिक रूपमा समृद्ध बनाउन उनले विभिन्न किसिमका अभियानहरु पनि संचालन गर्दै आएका छन् । उनले नेपाल सनातन धर्म संस्कृति संगठन मार्फत ज्योतिष, पण्डित, कर्मकाण्डी तथा धार्मिक अभियान्ताहरूलाई संगठित गरिरहेका छन् ।

एक महिना लामो साधनामा बसेका योगी पुष्पराज संगतसंस्कृतिको प्रतिपादक तथा संगतसंस्कृति अभियानको संयोजक समेत हुन्। २०६३ साल देखि शुरू भएको उक्त संस्कृतिले धार्मिक, साम्प्रदायिक, पन्थ तथा सांस्कृतिकरूपमा रहेका विभिन्न किसिमका समस्याहरूलाई वैदिक तथा वैज्ञानिकरूपमा समाधान गर्न विभिन्न किसिमका खोज अनुसन्धान गर्ने कार्यमा सक्रिय हुँदै आएको छ ।

# राप्रपा महाधिवेशन आगामी जेठमा

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय कार्य समितिको बैठकले महाधिवेशन आगामी जेठ २५ गते काठमाडौंमा गर्ने निर्णय गरेको छ । यही माघ १७ गतेदेखि काठमाडौंमा बसेको बैठकले अबदेखि महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरु सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रभित्र रहेका सक्रिय सदस्यबाट प्रत्यक्ष रुपमा निर्वाचित भएर आउने नयाँ व्यवस्था गरेको छ ।

निर्वाचन विनियमावली २०७६, निर्देशिका २०७६ र कार्यतालिका सामान्य परिमार्जन पारित गरिएको केन्द्रीय सदस्य देवेन्द्र प्रधानले जानकारी दिए । धर्म परिवर्तन गर्ने गराउने कार्यलाई निरुत्साहित गर्न तथा यस्ता कार्यमा संलग्नलाई कडा कारवाही गर्न बैठकले सरकारसँग माग गरेको छ। हिन्दू राष्ट्रलगायत लोकतन्त्रको पुनःस्थापना, भ्रष्टाचार नियन्त्रण, बेरोजगारी समस्या समाधानजस्ता विषयलाई लिएर फागुन र चैतमा विभिन्न जिल्लामा स्वाभिमान यात्रा सञ्चालन गरिने पार्टीले जनाएको छ ।

### एमसीसी...

भएपछि हलले सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको हो । बैठकमा अध्यक्षद्वयको राजनीतिक प्रतिवेदनमाथि विभिन्न १५ समूहमा छलफल भएको थियो । छलफलका क्रममा उठेका प्रश्नहरुको अध्यक्ष प्रचण्डले जवाफ समेत दिएका थिए । सो क्रममा प्रचण्डले केन्द्रीय सदस्यहरुले दिएको सुझावलाई मनन गर्दै पार्टी अघि बढ्ने बताए ।

नेकपा केन्द्रीय कमिटीबाट नेता वामदेव गौतम उपाध्यक्षमा चयन भएका छन् । केन्द्रीय समितिको पूर्ण बैठकले विधान संशोधन र संगठनात्मक प्रस्ताव पारित गरेसँगै गौतम उपाध्यक्ष बनेका हुन् । गत साउन अन्तिममा बसेको नेकपा सचिवालय बैठकमा गौतमलाई उपाध्यक्ष बनाउने प्रस्ताव अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले ल्याएका थिए । उनलाई उपाध्यक्ष बनाउन विधान संशोधन गर्ने निर्णय भएको थियो । त्यसलाई स्थायी समितिले अनुमोदन गरेको थियो ।

### ६ वर्षीया..

बाँधेको र मुखमा टेप लगाएका थिए । घुम्न आएका व्यक्तिले बालिकाको आवाज सुनेपछि अपहरणकारीले बालिका छाडेर फरार भएका थिए । घुम्न आएका व्यक्तिले ती बालिकालाई सोधपुछ गरी स्कूलमा लगेर जिम्मा लगाएका थिए । पैसा ठिमीस्थित भाटभटेनी ल्याउन भनी सोही क्रममा पैसा लिन आएका बेला उनलाई पक्राउ गरिएको हो ।

### कहाँ ...

विमानस्थलमा पनि फेरि स्वास्थ्य परीक्षण गरिनेछ । चेकजाँचको क्रममा संक्रमण भएको पाइए उपत्यकाको विभिन्न अस्पतालमा व्यवस्था गरिएको आइसोलेसन वार्डमा राखी उपचार गर्ने व्यवस्था सरकारले मिलाएको छ । यस्तै कोरोनाको संक्रमणको आशंका भएकालाई पनि अन्तर्राष्ट्रिय मापदण्डअनुसार दुई साता निगरानीमा राखिने मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता मोहन प्रसाद श्रेष्ठले शंकास्पद हवाइ यात्रुलाई दुई हप्ता निगरानीमा राख्नका लागि १ सय ५० जना अट्ने क्षमता भएको भवनको खोजी भइरहेको जानकारी दिए ।

चीनबाट आएका नेपाली नागरिकलाई छुट्टै क्वारेन्टइनमा राख्नका लागि भक्तपुरको विद्युत तालिम केन्द्र, स्टाफ कलेज जावलाखेल र कृर्तिपुरको केही सम्भावित क्षेत्रहरुको अवलोकन गरिरहेको उनले बताए। सरकारले नेपालीलाई उद्दार गर्न जहाज तयारी अवस्थामा राखेको भएपनि कहिले पठाउने भन्नेबारे चाहिँ टुंगो लागिसकेको छैन । कोरोना भाइरस वुहानबाटै फैलिएको हो भने अहिले चीनमा यो रोगले भयावह रुप लिएको छ ।

नोवेल कोरोना भाइरसको संक्रमण फैलिएपछि वुहानबाट अमेरिका, जापान, श्रीलंका, अष्ट्रेलियालगायतका मुलुकले आफ्ना नागरिकलाई स्वदेशमा फर्काइसकेको छन् ।

### आम...

उत्पन्न हुने सबै समस्याको समाधान काउन्सेलर श्रम र श्रम सहचारीको एकल पहल र प्रयासबाट मात्र समाधान नहुने विषयमा आफुहरु जानकार रहेको भन्दै पूर्व अध्यक्ष ढकालले सक्नेजति काम ईमान्दारीताका साथ हुने अपेक्षा राखेको बताए ।

केही दिन अघि साउदी अरबस्थित नेपाली दूतावासले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार साउदी अरबमा रोजगारीका लागि जाने नेपाली श्रमिकहरुका लागि न्यूनतम पारिश्रमिक कार्यान्वयनमा सघाउन व्यवसायीहरुलाई आग्रह गरेको थियो । बिदाई कार्यक्रममा व्यवसायीहरुले सरकारी निर्णय एकपक्षीय रहेको समेत बताए ।

कार्यक्रममा संघका पूर्व अध्यक्ष प्रेम बहादुर कटुवालले कतार यूएई लगायतका देशमा पनि समस्या रहेको तर साउदी अरबमा न्यूनतम तलव एक हजार साउदी रियाल र खाना वापतको ३ सय रियाल हुनुपर्ने अनिवार्य व्यवस्थाले गम्भीर रुपमा समस्या सिर्जना गरेका कारण व्यवसायीहरुलाई कठिनाई उत्पन्न भएको बताए ।

काउन्सेलर श्रम र श्रम सहचारीहरुको जिम्मेवारीको दायरा बृहत रहेको भन्दै पूर्व अध्यक्ष कटुवालले तत्कालका लागि साउदी अरबको समस्या समाधानमा पहल कदमी लिन श्रम काउन्सेलरको जिम्मेवारीमा साउदी अरब जाने राईको ध्यानाकर्षण गराए ।

उनले भने, 'व्यवहारिक रुपमा उत्पन्न समस्या नेपाल सरकारसँग राखिदिन पनि आग्रह छ। सन् २०१८ मा वैदेशिक रोजगारीमा साउदी गएका कामदारको पनि न्यूनतम तलव एक हजार, खाना वापत ३ सय रियाल हुनुपर्ने भनिएको छ, पुरानो डिमाण्डमा नयाँ व्यवस्था लागू गर्ने बाध्यता गर्नु हुँदैन । यस विषयमा पहल गरिदिन विशेष आग्रह छ ।'

त्यस्तै संघका अर्का पूर्व अध्यक्ष बलबहादुर तामाङले पनि साउदी अरबमा नेपाल सरकारले तोकेको तलव कार्यान्वयनमा समस्या रहेको बताए । साउदी अरबस्थित रोजगारदाता कम्पनीहरुले नेपाल सरकारले तोकेको तलव कार्यान्वयनमा अनिच्छा व्यक्त गर्दा समस्या उत्पन्न भएको भन्दै नेपाली दूतावासले समस्या देखाएर पहिलेदेखि नै कामदार पठाउने म्यानपावर कम्पनीका लागि आएका डिमाण्ड प्रमाणीकरण नगर्ने तर नेपालका नयाँ म्यानपावर कम्पनीले सोही डिमाण्ड पेश गरे प्रमाणीकरण गरिदिने गरिएको गुनासो गरे ।

उनले भने, 'नयाँ म्यानपावर कम्पनी जाँदा समस्या छैन, तर पहिले देखि नै कामदार पठाई रहेका पुराना म्यानपावर कम्पनी खोजि खोजि ब्ल्याक लिष्ट बनाउने काम भएको छ । भेदभाव र पक्षपात रोकिनु पर्छ ।'

संघका निवर्तमान प्रथम उपाध्यक्ष राम प्रसाद भान्तनाले काउन्सेलर श्रम र श्रम सहचारीहरुको प्रवास बसाई सुखद र कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गर्दै वैदेशिक रोजगारका समस्या समाधान गर्न सरकार, म्यानपावर व्यवसायी र कामदारको सम्बन्धलाई मजबुत बनाउन आग्रह गरे ।

वैदेशिक रोजगार नेपालको अर्थतन्त्रमा योगदान दिइरहेको महत्वपूर्ण पाटो रहेको विषयलाई विदेशस्थित कूटनीतिक नियोगहरुले आत्मसात गरेर समस्या समाधानमा अग्रसरता देखाउनु पर्ने उनको माग थियो ।

कूटनीतिक नियोगहरुले एकपक्षीय रुपमा तोकिएको तलव कार्यान्वयनामा समस्या रहेको भन्दै उनले नयाँ जिम्मेवारीमा जाने काउन्सेलर श्रम र श्रम सहचारीहरुले दूतावासलाई यस विषयमा जानकारी गराउन माग समेत गरे ।

व्यवसायीहरुले राखेका समस्या ध्यानपूर्वक सुनेका साउदी अरबका लागि काउन्सेलर श्रम राईले आफुहरुलाई राष्ट्रका तर्फबाट दिइएको जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहने बताए । नेपालमा जस्तो कार्यालय समय १०-५ नभनी निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले साउदी अरबसँग द्विपक्षीय श्रम सम्झौता गराउने विषयमा आफुले सक्रियताका साथ काम गर्ने बताए ।

यूएईका लागि काउन्सेलर श्रम थापाले वैदेशिक रोजगार राष्ट्रको प्रमुख सरोकारको विषय रहेको भन्दै त्यस विषयमा छलफल र सहकार्य गर्ने प्रतिवद्धता जनाइन् । उनले वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको सूचना व्यवस्थापन प्रणालीमा डिमाण्ड अपलोड गर्ने विषयमा देखिएको समस्या समाधान गर्न तत्काल छलफल गर्ने बताइन् ।

खाडीस्थित नेपाली दूतावासहरुले सहज सेवा नदिएपछि वैदेशिक रोजगार व्यवसायीहरुले प्रमाणीकरण गरिएको डिमाण्ड कुरियर मार्फत नेपाल ल्याई आफैले डिजिटल हस्ताक्षर गरी प्रमाणित गरेर प्रणालीमा अपलोड गर्ने गरेका छन् । व्यवसायीहरुले आफैले डिजिटल हस्ताक्षर गरी अपलोड गरेका मागपत्रमा स्क्यानिङ गर्दा प्रष्टसँग कलर नआएको भन्दै थप समस्या सिर्जना गरिएको समेत दावी गरेका छन् ।

कार्यक्रमको सञ्चालन गरेका संघका महासचिव सुजित श्रेष्ठले साउदी अरबस्थित नेपाली दूतावासबाट हुने मागपत्र प्रमाणीकरण सम्बन्धी कार्य नै सबैभन्दा बढी समस्याको विषय रहेको बताए । महासचिव श्रेष्ठले व्यवसायीहरु समस्या समाधानमा सरकारसँग हातेमालो गरेर अघि बढ्न तयार रहेको भन्दै सस्तो लोकप्रियता हासिल गर्न अव्यहारिक भएपनि एकपक्षीय निर्णय गरी कार्यान्वयनमा लैजान खोज्ने प्रवृत्तिले नेपाल आउने डिमाण्ड अन्य देशमा डाईभर्ट भई नेपाली अर्थतन्त्रको आधारका रुपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई संकटमा पार्न नहुनेमा जोड दिए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. ७५०४४** को **हवाइ एक्टिभ ट्राभल्स एण्ड टुर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/१२/१७ मा दर्ता भएको **प्रा.लि. नं. ७१८२५** को **बी.के.के.जी. इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/१०/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/१०/१९ गते

श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (बी) ग्रेड साल गोलिया काठ ६ थान ५९.३४ क्यू.फिट, सल्लो गोलिया काठ १३ थान ६५.०४ क्यू.फिट, असना गोलिया काठ ३ थान १५.३२ क्यू. फिट, कुल २२ थानको १३९.७० क्यू.फि., (सी) ग्रेड साल गोलिया काठ ८२ थान ३७४.७२ क्यू.फिट सहित जम्मा साल गोलिया काठ ८८ थान ४३४.०६ क्यू.फिट, सल्लो गोलिया काठ १३ थान ६५.०४ क्यू.फिट, असना गोलिया काठ ३ थान १५.३२ क्यू.फिट गरी कुल १०४ थान ५१४.४२ क्यू.फिट काठ, साल जातको दाउरा १.२५ चट्टा र अन्य जातको दाउरा ०.२५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत**

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **AECOR INTERNATIONAL TRAINING WLL.** शहर: **QATAR**
पुर्व स्वीकृत मिति: २०७६/१०/१९ चलानी नं.: ६०१५१००२ L.T. No.: 232097

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coach | 1 | 0 | | 5000 | १५६,३५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Gulf Manpower Services Pvt. Ltd.**
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४६/०४९

**साउदीमा रोजगार**

१. कम्पनी : **JABER BATTAL AL DOSSARY TAILORING STORE** शहर: **SAUDI**
पूर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९७७३ LT. No.: 230433 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Iron Man | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mens Clothing Tailor | 5 | 0 | | 1500 | ४५,५२५ | | | | | | | |

२. कम्पनी : **MOHAMMAD A AL ABDULWAHID EST.** शहर: **SAUDI**
पूर्व स्वीकृत मिति: २०७६/०९/२४ चलानी नं.: ६०१४९८३६ LT. No.: 230432 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com
श्रम इजाजत नं. ८१३/०६५/०६६

# सञ्चारमन्त्रीको राजीनामा माग



**काठमाडौं/मस-** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद्ले सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाको राजीनामा माग गरेका छन् । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय समितिमा भएको छलफलमा नेकपा सांसद् सुदन किराँतीले सञ्चारमन्त्री बाँस्कोटाले आपत्तिजनक अभिव्यक्ति दिएको भन्दै राजीनामाको माग गरेका हुन् ।

'मिलेनियम चयालेञ्ज कर्पोरेशन (एमसीसी) जुनसुकै हालतमा पास हुन्छ । चाह्यो भने अमेरिकाले सुलेमानी बनाइदिन्छ यो देशका नेताहरुलाई भन्ने सरकारका प्रवक्ताको अभिव्यक्ति आपत्तिजनक छ', उनले भने । राष्ट्रियता स्वाधिनतामाथि आफ्नै सरकारका प्रवक्ता ग्रहण लगाउन खोजेको उनको आरोप छ । सञ्चारमन्त्रीको अभिव्यक्ति लेण्डुप दोर्जे प्रवृतिको भएको भन्दै उनले आपत्ति समेत जनाए । 'लेण्डुप दोर्जे प्रवृति आत्मसमर्पण प्रवृतिकोविरुद्धमा आपत्ति प्रकट गर्न चाहान्छु र उहाँले नैतिकताका आधारमा राजीनामा दिनुपर्छ । यो विषयमा समिति र सबैको ध्यानाकर्षण गर्न चाहान्छु', उनले भने ।

प्रवक्ता बाँस्कोटाले एमसीसीको विषयमा गत बिहीबार गलत हल्ला फैलाइएको बताउँदै भनेका थिए, 'अमेरिकाले चाह्यो भने जुनसुकै कुनामा पनि क्षेप्यास्त्र प्रहार गर्न सक्छ । नेपालमा बेस क्याम्प राख्नुपर्ने अवश्यकता पर्दैन । अस्ति इरानमा देख्नुभएन कसलाई हानेको ?'

त्यस्तै छलफलमा सांसद् भीम रावलले एमसीसीको विषयलाई धेरैले प्रतिष्ठाको विषय बनाएर राष्ट्रहित र स्वार्थभन्दा निजी धारणा राख्ने गरेको बताए । राष्ट्रियहितमा हुनेगरी अगाडि बढ्नुपर्ने उल्लेख गर्दै नेता रावलले समितिमा गहन अध्ययनको आवश्यकता रहेको औल्याए ।

अर्का सांसद् नारदमूनी रानाले चीनमा कोरोना र नेपाल एमसीसीको विषयमा निकै भाइरल भएको बताए । संसद्मा समेत दुईथरी अतिवादी विचारहरु सार्वजनिक भइरहेको उनको भनाइ छ । 'एउटा जसरी पनि पारित हुनै पर्छ भन्ने र अर्को पारित हुनुहुँदैन भन्ने अतिवादी शक्तिहरु संसद्मा जुहारी खेलिरहेका छन् । राष्ट्रहितमा कसरी लान सकिन्छ । तपाई (सभामुख) को नेतृत्वमा यसले प्राथमिकता पाओस्', उनले भने ।

समिति सभापति पवित्रा निरौला खरेलले एमसीसीको विषयमा एकतावद्ध भएर अगाडि बढ्नुपर्ने बताइन् । गम्भिरतापूर्वक छलफल गरी राष्ट्रलाई घात नहुने किसिमले एकतावद्ध भएर पास गर्नुपर्नेमा उनले जोड दिइन् । 'पास गर्दा पनि एकतावद्ध गर्नुपर्छ । पास गर्न सकिन्न भनेपनि एकवतावद्ध नै हुनुपर्छ । मत विभाजन गरेर विभाजित हुनुहुँदैन', उनले भनिन् ।

एमसीसीका विषयमा सत्तारुढ दलभित्र पारित गर्नुपर्ने र गर्न नहुने विचारहरु व्यक्त भइरहेका छन् । नेकपाको केन्द्रीय कमिटी बैठकमा समेत यो विषयले प्रवेश पाएको थियो । बैठकमा एमसीसीका विषयमा अध्ययन गर्न समिति गठन गर्नुपर्ने र पार्टीका सबै नेताहरुको धारणा एउटै हुनुपर्ने आवाज उठेको थियो । सोही अनुरुप नेकपा वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन भएको छ । कार्यदलमा नेता खनाल, नेता रावल र नेता प्रदीप ज्ञवाली रहेका छन् ।

प्रधानमन्त्री ओलीले भने हिउँदे अधिवेशनबाट नै एमसीसी अनुमोदन गराउनुपर्ने धारणा राख्दै आएका छन् । आइतबारको समिति बैठकले विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृति क्षेत्र अध्ययन अनुगमन उपसमितिको म्याद पनि २ महिना थप गरेको छ ।

## 'संसद्को गरिमा उच्च राख्छु'

**काठमाडौं/मस-** संघीय प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले जननिर्वाचित सर्वोच्च संस्था संसद्को गरिमा उच्च राख्न इमान्दारी र निष्ठाका साथ कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्य सापकोटा सभामुखमा निर्विरोध निर्वाचित भएपछि उक्त समितिले आइतबार उनको सम्मानमा बिदाइ तथा बधाईका निम्ति आयोजना गरेको कार्यक्रममा उनले लोकतन्त्रको विकास, विस्तार र सुदृढीकरणमा अहोरात्र खट्ने दृढता व्यक्त गरे । उनले भने, 'विधि, पद्धति र प्रक्रियाको पूर्णपालना गर्नेछु, राष्ट्र र जनताको सर्वोपरी हितका खातिर काम गर्ने मेरो भगिरथ प्रयत्न रहनेछ ।' सभामुख सापकोटाले देशभक्ति र सदाचारका लागि कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

समितिका सदस्यहरुले योग्यता र क्षमताका आधारमा मात्र नभई विपक्षी दलको समेत सहयोगमा सभामुखमा निर्विरोध निर्वाचित भएका समितिका सदस्यलाई संसद्को सर्वोच्च पदमा आसिन भएको देख्न पाउँदा आफूहरुलाई गौरवको अनुभूति भएको बताउँदै राष्ट्रघात हुने कुनै पनि काम सभामुखबाट नहुने विश्वास व्यक्त गरे ।

# सुनसरीमा बस र माइक्रो ठोक्किँदा
# पाँच जनाको मृत्यु



**सुनसरी/मस-** सुनसरीको रामधुनी नगरपालिका-२ मा आइतबार भएको सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । चन्द्रगढीबाट काठमाडौंतर्फ जाँदै गरेको बा ५ ख ३१५७ नम्बरको हायस माइक्रो बस र पोखराबाट काँकडभिट्टातर्फ आउँदै गरेको ना ६ ख ७९५ नम्बरको बस एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो ।

माइक्रोबसका चालक धादिङ बैरेनी-३ बस्ने २८ वर्षीय दीपक खड्काको घटनास्थलमै मृत्यु भएको छ । त्यस्तै झापा भद्रपुर-८ घर भई हाल काठमाडौं बस्ने ७५ वर्षीय हेमराज कोइराला र उनकी ६५ वर्षीया श्रीमती डोलमायाको घटनास्थलमै मृत्यु भएको छ । भक्तपुर निवासी १७ वर्षीया गरिमा गौतम र भद्रपुर निवासी ४५ वर्षीय टंकप्रसाद काफ्लेको विपी कोइराला विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा मृत्यु भएको छ ।

झापा धरमपुर-९ का होमबहादुर दर्जी र झापाकै सावित्रा राई गम्भीर घाइते भएका छन् । सवारी दुर्घटनामा सामान्य घाइते भएका १० जनाको उपचार भइरहेको प्रदेश नं १ को प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रमुख भीमबहादुर दाहालले जानकारी दिए ।

# लागूऔषधसहित ७३ जना पक्राउ

**काठमाडौं/मस-** प्रहरीले गोँगबु नयाँ बसपार्क क्षेत्रमा अनैतिक क्रियाकलापमा संलग्न ७३ जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त महाराजगञ्जको टोलीले गोँगबु नयाँ बसपार्क शुद्धीकरण अभियानअन्तर्गत ७३ जनालाई शनिबार राति पक्राउ गरेको हो । पक्राउ पर्नेमा ३२ महिला, ३७ पुरुष र चार तेस्रोलिङ्गी रहेका छन् ।

वृत्तका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश लम्सालले नयाँ बसपार्क क्षेत्रको विकृति, बिसङ्गति अन्त्यका लागि नयाँ बसपार्क शुद्धीकरण अभियान सञ्चालन गरेको जानकारी दिए । 'बसपार्क क्षेत्रमा बसेर लागुऔषध दुर्व्यसनी, वेश्यावृत्ति गर्ने/गराउने, तोकिएको मापदण्ड पालना नगरी बिचौलिया राखेर यात्रुलाई हैरानी दिनलाई पक्राउ गरेका छौं,' उनले भने ।

पक्राउ पर्नेमा उर्वसी डान्सबारका सञ्चालक, नमस्ते डान्सबारका मेनेजर, दर्शन नमस्ते रेष्टुरेन्टका सञ्चालक, गोरखा मनकामना गेष्टहाउसका सञ्चालकलगायत छन् । पक्राउ परेकासँग प्रहरीले लागुऔषध गाँजा र नाइट्राभेट ट्याब्लेटसमेत बरामद गरेको छ । नयाँ बसपार्क सञ्चालनको जिम्मा पाएको ल्होत्से बहुउदेश्यीय प्रालिका अध्यक्ष दीपक कुँवर नयाँ बसपार्कलाई राष्ट्रिय गौरवको बसपार्क बनाउनका लागि सबै लाग्नुपर्ने बताए । 'नयाँ बसपार्क विस्तारै सुध्रिँदै गएको छ, बसपार्क क्षेत्रमा हुने अनैतिक क्रियाकलाप र बिचौलिया रोक्नु जरुरी छ,' उनले भने ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले नयाँ बसपार्क क्षेत्रलाई आकर्षक क्षेत्रको रुपमा विकास गर्न यहाँभित्र रहेका विकृति विसङ्गति अन्त्यका लागि थप प्रहरी परिचालन गरेको बताए । प्रहरीले पक्राउ परेकालाई आवश्यक अनुसन्धान गरी मुद्दासमेत चलाउने तयारी गरेको छ ।

# विषाक्त खानाले मरे तीन गैँडा

**चितवन/मस-** चितवन राष्ट्रिय निकुञ्जमा कालगतिले मरेका १४ गैँडामध्ये तीन विषाक्त खानाले मरेका छन् । शनिबार पूर्वी नवलपरासीको सेहेरीमा मृत फेला परेको गैँडा विषाक्त खानाका कारण मरेको प्रारम्भिक अध्ययनले देखाएको छ । निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा विजय श्रेष्ठका अनुसार गत हप्ता तमासपुर क्षेत्रमा एउटा गैँडा र एक महिनाअघि गाँजीपुर क्षेत्रमा अर्को एक गैँडा विषाक्त खानाकै कारण मरेको प्रारम्भिक अध्ययनले देखाएको छ । गत साता मरेको गैँडाको पेटमा १० महिनाको बच्चासमेत रहेको थियो । श्रेष्ठका अनुसार ती गैँडाको आन्द्रा र पेटमा रक्तश्राव भएको शव परीक्षणमा देखिएको छ । यद्यपि कारण प्रष्ट हुनका लागि विषादी परीक्षण गर्न प्रयोगशालाको खोजी भइरहेको उनले जानकारी दिए । श्रेष्ठले भने, 'ती गैँडाका अङ्गको नमूना सुरक्षित राखेका छौं, कहाँ विषादीको परीक्षण हुन्छ बुझ्ने काम भइरहेको छ ।' मरेका तीनै गैँडाको अन्य महत्वपूर्ण अङ्गमा कुनै समस्या नदेखिएको उनले बताए । सबै गैँडाको पेटमा तोरी देखिएको भन्दै उनले विषाक्त तोरीका कारण मरेको पनि हुन सक्ने अनुमान गरिएको जानकारी दिए । यद्यपि प्रयोगशालाबाट परीक्षण भएपछि मात्र यकिन भन्न सकिने उनको भनाइ छ ।

शनिबार सेहेरीमा भेटिएको गैँडा भाले हो भने अन्य दुई पोथी गैँडा हुन् । यससँगै अन्य कालगतिले मरेका गैँडा बुढो भएर, जुधेर, दलदलमा फसेर र करेन्ट लागेर मरेको उनले बताए । गत कात्तिकदेखि चालु महीनासम्म प्राकृतिक कारणले धेरै गैँडा मर्ने गरेको निकुञ्जको तथ्यांकमा उल्लेख छ । गत साल प्राकृतिक कारणले ४३ गैँडा मरेका थिए । यस वर्ष सात महिना पुग्न लाग्दा १४ गैँडा मरेका छन् ।

तुलनात्मक हिसाबले कम गैँडा मरेका भए पनि निकुञ्जले प्राकृतिक कारणको मृत्यु दर अझ घटाउन गृहकार्यमा रहेको जनाएको छ । वन तथा वातावरण् मन्त्रालयले प्राकृतिक कारणले गैँडा मर्नाका कारण पत्ता लगाउन समितिसमेत गठन गरेको छ । अघिल्ला वर्षमा पनि वार्षिक २५ हाराहारी गैँडा कालगतिले मरेको तथ्यांक छ । हरेक पाँचपाँच वर्षमा गैँडा गणना गरिन्छ । पछिल्लो गणनानुसार सो निकुञ्जमा ६०५ गैँडा थिए । यस वर्ष निकुञ्जमा गैँडा गणना गरिँदैछ ।

# कैलालीको लम्की क्षेत्रमा तनाव

**कैलाली/मस-** मोटरसाइकल दुर्घटनामा परी एक व्यक्तिको मृत्यु भएको घटनालाई लिएर पूर्वपश्चिम राजमार्गअन्तर्गत कैलालीको लम्कीचुहा सडकखण्ड आइतबार तनावग्रस्त बन्यो । मोटरसाइकल दुर्घटना गराउने व्यक्तिको पहिचान गरी कारवाहीको माग गर्दै स्थानीयवासीले आइतबार बिहानैदेखि अवरुद्ध पारेको सडक खुलाउने क्रममा प्रहरीमाथि ढुङगा प्रहार गरिएपछि स्थिति तनावग्रस्त बनेको हो ।

स्थिति नियन्त्रणमा लिन सामान्य बल प्रयोग गर्नुपरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता दक्षकुमार बस्नेतले बताए । यस क्रममा प्रहरीले केही राउन्ड अश्रु ग्यास प्रयोग गरेको थियो । ढुङ्गा प्रहारबाट प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टसहित केही प्रहरी सामान्य घाइते भएका छन् ।

लम्कीचुहा सडकखण्ड अवरुद्ध हुँदा यातायात आवागमन आइतबार बिहानैदेखि ठप्प थियो । शुक्रबार राति सो सडकखण्डमा से२प १८५० नम्बरको मोटरसाइकल दुर्घटना हुँदा लम्की चुहानगरपालिका-६ का मायाराम चौधरीको मृत्यु भएको थियो । प्रहरीले उक्त मोटरसाइकललाई ठक्कर दिएको आशंकामा एम्बुलेन्स चालकलाई नियन्त्रणमा लिएको छ ।

# ललितपुरमा भीषण आगलागी

**काठमाडौं/मस-** ललितपुरको बखुण्डोलमा रहेको एक कवाडी गोदाममा आगलागी हुँदा २ जना सामान्य घाइते भएका छन् । आगलागीबाट भारतीय नागरिक नन्दु जैसवाल र धर्मनाथ जैसवाल सामान्य घाइते भएका हुन् । आगलागीमा घाइते भएका दुई जनालाई प्रहरीको सहयोगमा प्याराडाइज ईण्टरनेशनल प्रा.लि.मा अपरेशन मेनेजरका रुपमा कार्यरत किरण जंग केसीले उद्दार गरेका थिए । आफुले दुबै जना घाइतेलाई उद्दार गरी अलका अस्पतालमा पुऱ्याएको केसीले मध्यानहलाई बताए ।




शनिबार रातिबाट सुरु भएको आगो आइतबार मात्रै नियन्त्रणमा लिइएको थियो । महानगरिय प्रहरी परिसर ललितपुरका प्रमुख एसएसपी टेक प्रसाद राईका अनुसार ५ वटा दमकलको सहायताले आगो नियन्त्रणमा लिइएको थियो । काठमाडौं, ललितपुर महानगरपालिका र नेपाली सेनाको दमकलको सहायता, १२ वटा पानी ट्यांकर र स्थानीयको सहयोगले आगो नियन्त्रणमा आएको हो ।

उत्तर कोरियाली दूतावास नजिक रहेको कवाडी गोदाममा भएको आगलागीबाट कति क्षति भयो भन्ने खुलेको छैन । क्षतिको विवरण संकलन भइरहेको उनले बताए । आगलागीको खास कारण भने खुल्न सकेको छैन । प्रहरीले विद्युत सर्ट भएर आगलागी भएको हुन सक्ने अनुमान गरेको छ ।


तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस् कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# बालुवाटारको रात्रिभोज

एघार बुँदे निर्णय सार्वजनिक गर्दै सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी बैठक सकिएको छ । माघ १५ गतेदेखि राष्ट्रियसभा गृहमा जारी बैठक अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत राजनीतिक तथा महासचिव बिष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको सांगठानिक प्रतिवेदन पारित गर्दै सकिएको हो । महासचिव पौडेलको प्रतिवेदनमार्फत् प्रस्तावित बामदेव गौतमलाई उपाध्यक्ष बनाउने निर्णय पनि केन्द्रीय कमिटीले गरेको छ । सचिवालय बैठकबाट गौतमका लागि उपाध्यक्ष पद सिर्जना गर्ने निर्णय गरेको थियो । केन्द्रीय कमिटीको निर्णय सँगै गौतम नेकपाको उपाध्यक्ष बनेका छन् भने दुई अध्यक्षको अलवा अब दुई बरिष्ठ नेता, एक महासचिव र एक प्रवक्ता हुनेछन् ।

सँगै थप केही निर्णय समेत केन्द्रीय कमिटीले अनुमोदन गरेको छ । अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे अध्ययन गर्न बरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा भीम रावल र प्रदीपकुमार ज्ञवाली आवद्ध कार्यदल बनेको छ । पार्टीका नेताहरूको सम्पत्ति छानबिन गर्ने अख्तियारी अनुशासन आयोगलाई दिइएको छ भने अबदेखि हुने नेकपाका बैठकमा अध्यक्ष द्वय ओली र दाहालको तस्बिर ब्यानरमा नराखिने भएको छ । एक हप्ताका लागि राष्ट्रियसभा गृह हल बुक गरिए पनि तीन दिन अगाडि नै बैठक सकियो । ४४५ सदस्यीय जम्बो केन्द्रीय कमिटीको अनुमान गरे भन्दा पहिले नै सकिए पछि भने केही असुहाउँदिलो दृष्य सभागृहमा देखियो । बैठक सकिए पछि प्रचार विभाग प्रमुख नारायणकाजी श्रेष्ठ र उपप्रमुख सूर्य थापाले पत्रकार सम्मेलन गरिरहँदा लगभग राष्ट्रियसभा गृह सुनसानजस्तै भइसकेका थियो । सवै नेताहरू बालुवाटार पुगेका थिए । प्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीले रात्रिभोजको निम्तो दिए पछि नेताहरू हतारमा बालुवाटार पुगे ।


सार्वजनिक रूपमै आह्वान भएकाले सवैको ध्यान बालुवाटारको रात्रिभोज तर्फ तानियो । केही दिन अगाडि पार्टी कार्यकर्ताका लागि एघार बुँदे संहिता र केन्द्रीय कमिटी बैठकमा केन्द्रीय सदस्यहरूले नेताहरूकै आँचरणबारे प्रश्न उठाइरहेका बेला सरकारी निवास बालुवाटारमै पार्टी कार्यक्रममा रहेका नेताहरूलाई दिइएको भोजले भने स्वभाविक प्रश्न सिर्जना गर्छ । किनभने, गणतन्त्र र विधिको शासनले चल्ने मुलुकमा यो आफैंमा दुरूपयोग हो । सरकारी निवास सरकारी कामकार्बाहीका लागि प्रयोग गर्ने धेयले बनेका हुन् । तर, यसतर्फ ध्यान नदिदा गणतान्त्रिक मर्मलाई समेत असर पुग्छ । संविधान कार्यान्वयनका महत्वपूर्ण कार्यभार बोकेको नेकपाले यस्ता विषय तर्फ ध्यान पुऱ्याउन आवश्यक छ ।

## सामाजिक सञ्जाल



जिब्रो सुधारौँ जीवन सुध्रिन्छ : बोली, जतिपनि संकट आफ्नै बोलीका कारण परेको छ । बोलीका कारण सप्रेका थौरै छन् । बिग्रिएका बढी छन् । जहाँ बोल्न आवश्यक थिएन त्यहाँ बोलेर संकटमा परिन्छ । मानिसलाई बोल्न हतार हुन्छ । जे बोल्छन् । मान्छे नबुझी बोल्छ । अनि पछुताउँछ । बोली प्रति संयमता भयो भने संकटमा पर्ने अवस्था आउँदैन् । नालबाट छुटेको गोली र मुखबाट बोलेको बोली निस्केपछि निस्कियो निस्कियो फिर्ता हुँदैन् ।

- विपुल अधिकारी



कोरोनाबारे सावधानी अपनाउनु विश्वका सबै नागरिकको कर्तव्य हो । तर सबैभन्दा सचेत, सावधानी र आइपर्दा आवश्यक पूर्व तयारी र आफ्ना सबै नागरिकलाई त्यसबारे सचेत गराउनु प्रमुख कार्य र कर्तव्य सरकार र त्यस सम्बन्धि निकायहरूको हो ।

– पवनवर्षा शाह



भारतबाट मोबिल किनेर ल्यायो, भ्याट र कर छल्यो । बट्टा कस्तो राख्ने हाम्रो महेन्द्र भाइकोमा डिजाइन गरायो । ड्रमबाट आफ्नो नामको बट्टामा मोबिल भरेर बेच्नेउद्योगपति हुन्छ ? बल्खु र नखु खोलाको जग्गा दलाल लगाएर आफ्ना नाममा पार्ने पनि उद्योगपति ? उद्योगपति , पुँजीपतिको परिभाषा खोज्नोस त ?

– विनोद न्यौपाने



नेपाल सरकारले वुहानमा रहेका नेपाली विध्यार्थीहरूलाई नेपाल फर्काउन लागेको पहलको स्वास्थ्यको हिसाबले भन्दापनि सामाजिक हिसाबले स्वागत गर्छु । अब हवाइयात्रामा सावधानी, साथै समाजलाई आतंकित नगर्न कम्तिमा १५ दिनको क्वारेन्टाइन लगायत सावधानीहरू अपनाएर वहाँहरूलाई स्वागत गरौं ।

– डा समिरमणी दिक्षित

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# लगानी प्रवर्द्धनको आवश्यकता

कुनै पनि देशको अर्थतन्त्रलाई सुदृढ एवम् सबल बनाउन लगानीले एक महत्वपूर्ण भूमिका खेल्छ । तर, लगानीको अनुकूल परिस्थिति तथा आकर्षण नभएमा पुँजी निर्माण र विभिन्न किसिमका उत्पादन वृद्धिको कार्यले निश्चित दिशा लिन सक्दैन ।

अर्थतन्त्रको विश्वव्यापीकरणको विगत केही दशक खुला उदार र बजारमुखी अर्थतन्त्रको अभ्यासमा बित्यो । उक्त दशकहरूमा लाइसेन्स प्रणालीलाई खारेज गरी उद्यमी र व्यवसायीबीच प्रतिस्पर्धाको परिस्थिति सिर्जना भयो जुन आर्थिक सुधारको मूल पक्ष पनि हो । वास्तवमा लाइसेन्स प्रणालीको अन्त्य गर्नु लगानीका निम्ति प्रमुख कुरा भए पनि यो नै लगानी आकर्षणको सम्पूर्ण कुरा भने होइन । यो कुरा सम्बन्धित व्यक्तिहरूले बुझ्नुपरेको छ ।

नेपालको आर्थिक विकासका लागि यहाँको सरकारले गर्ने कुल लगानी ज्यादै न्यून छ, जसका कारण यहाँको आर्थिक वृद्धिदर पनि ज्यादै कम छ । यो वृद्धिदरलाई बढाउन विद्युत् तथा सडकलगायत अन्य पूर्वाधारहरूको विकासमा पर्याप्त लगानी गर्नुपर्ने देखिन्छ । यति मात्र होइन, आगामी दिनहरूमा सामाजिक सेवाको क्षेत्रमा सर्वसाधारणको पहुँच बढाउन शिक्षा तथा स्वास्थ्य सेवाको प्रत्याभूति र आन्तरिक स्रोतसाधनहरूको यथोचित परिचालनलगायतका केही महत्वपूर्ण कार्यहरू गर्नुपर्ने भएको छ । यसका लागि धेरै लगानीको आवश्यकता पर्छ ।

वस्तुतः लगानी वृद्धिबिना नेपालको आर्थिक विकासले तीव्र गति लिन सक्दैन । यो कुरा सम्बन्धित क्षेत्रका व्यक्तिहरूले महसुस गरी कार्यान्वयनसमेत गर्नुपरेको छ ।

हाल नेपालको लगानीलाई मूलतः तीन रूपमा कसरी उत्पादन वृद्धिमा प्रवाह गर्न सकिन्छ भन्ने विषयले प्राथमिकता पाउनुपर्ने अवस्था छ । सरकारको चासो र चिन्ता पनि त्यस दिशामा केन्द्रित छ । वास्तवमा लगानी बिनाप्रयास बढाउन सकिँदैन । परन्तु मौद्रिक तथा वित्तीय क्षेत्रमा लिइने कतिपय निर्णयले लगानीमा आकर्षणको वातावरण सिर्जना गर्ने आशा गर्न सकिन्छ ।

लगानी वृद्धिका लागि निजी क्षेत्रको अग्रसरताको आवश्यकता छ । सरकारको भूमिका केवल उत्प्रेरकको जस्तो हुनुपर्छ । स्वच्छ र पारदर्शी प्रतिस्पर्धाको वातावरणमा उद्योगी-व्यवसायीहरूलाई उद्यमशीलताको अवसर प्रदान गरेमा लगानीले बढ्दो प्रतिफलको बाटो लिन्छ । साना, मझौला र राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुऱ्याएका तर हाल रुग्ण रहेका उद्योगहरूलाई प्याकेजको कार्यक्रम ल्याई फस्टाउने र सञ्चालन गर्ने काम गर्नुपर्छ । खुला सिमानाको दुरुपयोग एवम् अनधिकृत व्यापारले समेत कतिपय उद्योगलाई मौलाउन दिँदैन । यस तथ्यबारे सम्बन्धित क्षेत्रको ध्यान आकृष्ट हुनुपरेको छ ।

नेपालमा धेरै वर्ष अघिदेखि र हालसम्म पनि विभिन्न वस्तुहरू आयात गरिँदै छ । त्यसैले आयातित वस्तुहरूको पुनः मूल्याङ्कन गरी मूल्य प्रतिस्पर्धामा टिक्न नसक्ने स्वदेशी वस्तुहरूका बारेमा आवश्यक नीति-नियमहरू तर्जुमा गर्न आवश्यक छ ।

ब्याजदरले पनि लगनीलाई निकै प्रभाव पार्छ । नेपालमा खुला र उदार अर्थतन्त्रको अवलम्बनपछि वित्तीय कारोबार गर्ने संस्थाहरूको संख्या निकै वृद्धि भएको छ । निःसन्देह पनि विभिन्न उत्पादन क्षेत्रहरूमा वित्तीय संस्थाहरूको ध्यान जानुपर्छ र सरकारले पनि यस सम्बन्धमा अनुगमन गर्नुपर्छ । यति मात्र होइन, निक्षेप र कर्जाबीच ५ प्रतिशतभन्दा बढी फरक पर्न नदिने नीतिको कडाइका साथ कार्यान्वयन गर्न उचित देखिन्छ । हाल वित्तीय क्षेत्रमा रहेको निष्क्रिय कर्जाको ठूलो परिमाणले गर्दा उत्पादनशील क्षेत्रमा नयाँ लगानी हुन सक्ने



■ के.बी. बस्नेत

> बैंक तथा फाइनान्स कम्पनीहरू लगानीको स्रोत जुटाउने माध्यमहरू हुन् । हाम्रो जस्तो अति कम विकसित राष्ट्रहरूमा लगानीको निकै खाँचो छ । त्यसैले यी देशका आर्थिक विकासका लागि बैंक तथा फाइनान्स कम्पनीहरूको धेरै महत्व छ ।

सम्भावना कम देखिन्छ भने वित्तीय क्षेत्रको अवस्था पनि सन्तोषजनक छैन । सरकारी बैंकहरूमा मात्र होइन, निजी क्षेत्रका बैंकहरूमा पनि नियतवश ऋण नतिर्ने, दुरुपयोग गर्ने आशय लिई ऋण लिने व्यक्तिहरूको पहुँच बढेकाले वित्तीय क्षेत्रमा सङ्कट आउन नदिन कडा कारबाही गर्न उन्मुख हुनुपरेको छ ।

स्वदेशी निजी लगानीलाई प्रोत्साहन गरी यहाँको औद्योगिक उत्पादनलाई गुणस्तरीय एवम् प्रतिस्पर्धी बनाउन सके आर्थिक कूटनीतिक माध्यमद्वारा बजार पहुँच र लगानी अभिवृद्धि गर्न सकिन्छ । परन्तु विगतमा यहाँ विद्यमान असहज परिस्थितिले गर्दा यहाँको निजी क्षेत्रमा भएको लगानी फस्टाउन सकेको छैन । यसका निम्ति संरक्षणको आवश्यकता छ ।

हाल विद्यमान श्रमसम्बन्धी ऐनले पनि यहाँको उद्योग व्यवसायमा सकारात्मक असर पार्न सकेको छैन । रुचि तथा दक्षताको आधारमा श्रमिक छान्न पाउने स्वतन्त्रता उद्योग-व्यवसायीहरूलाई हुनुपर्छ भन्ने तर्क अनुचित नहोला । तर, खुला सिमानाका कारण श्रमबजारमा छिमेकी राष्ट्रबाट आपूर्ति हुने श्रमशक्तिका बारेमा सोच्ने बेला आएको छ । हाल देशभित्र तीव्र रूपले बढिरहेको बेरोजगारी न्यून गर्न उद्योग-व्यवसायीहरूलगायत अन्य सम्बन्धित व्यक्तिहरू पनि संवेदनशील हुनुपर्ने देखिन्छ ।

नेपालमा लाइसेन्स प्रथाको अन्त्य भए तापनि यहाँ प्रशासनिक कार्य यति मन्द, परम्परागत र आडम्बरपूर्ण छ कि यसलाई वास्तविक सेवाका रूपमा अगाडि बढाउन सकिएको छैन । यति मात्र होइन, राजस्व प्रशासनका कमजोरीहरूका बारेमा बेलाबेलामा प्रश्न उठ्ने गरेकाले यसतर्फ पनि समसामयिक सुधार गर्न नितान्त आवश्यक छ ।

लगानी आकर्षणमा पूर्वाधार विकासको पनि उल्लेखनीय भूमिका हुन्छ । तर, यहाँ विद्यमान पूर्वाधारहरूको परिचालनमा सरलताको स्थिति छैन । दीर्घकालीन पूर्वाधारहरूको निर्माणमा समेत निजी क्षेत्रको लगानी आकृष्ट गर्नुपर्ने अपरिहार्य देखिएको आजको परिस्थितिमा प्रशासनिक कार्यदेखि सेवा पूर्वाधार हस्तान्तरणमा समेत पारदर्शी प्रक्रिया अवलम्बन गरिएन भने लगानी आकर्षण गर्न सकिँदैन । त्यसैले यसतर्फ समयमै सोच्न जरुरी छ ।

विगतको शक्तिशाली भूकम्प र छिमेकी राष्ट्र भारतको अघोषित नाकाबन्दीका कारण यहाँको अर्थतन्त्रमा नराम्रो प्रभाव परेको छ । त्यसैले यहाँको अर्थव्यवस्थालाई पुनर्जीवन प्रदान गरी आय एवम् रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्न औद्योगिक क्रान्ति र भयमुक्त वातावरण हुन जरुरी छ, जसका लागि यहाँका युवाशक्तिको अधिकतम परिचालन गर्न आवश्यक छ । यसो गर्न सकेमा मात्र यहाँको प्रतिस्पर्धी क्षमता अभिवृद्ध हुनेछ, निर्यात बढ्नेछ र आर्थिक विकासमा सकारात्मक प्रभाव पर्नेछ ।

बैंक तथा फाइनान्स कम्पनीहरू लगानीको स्रोत जुटाउने माध्यमहरू हुन् । हाम्रो जस्तो अति कम विकसित राष्ट्रहरूमा लगानीको निकै खाँचो छ । त्यसैले यी देशका आर्थिक विकासका लागि बैंक तथा फाइनान्स कम्पनीहरूको धेरै महत्व छ ।

हाल नेपालमा २८ वटा वाणिज्य बैंक, क्षेत्रीय तथा राष्ट्रिय स्तरका समेत गरी ३६ वटा विकास बैंक, २५ वटा फाइनान्स कम्पनी र ६५ वटा लघुवित्त समेत गरी १ सय ४३ वटा बैंक तथा फाइनान्स कम्पनीले वित्तीय सेवा उपलब्ध गराउँदै सोही आधारमा कुल जनसंख्याको झन्डै ४० प्रतिशत जनतामा वित्तीय पहुँच पुगेको छ भने ६० प्रतिशत जनतामा उक्त पहुँच पुग्न सकेको छैन । सोही कुरालाई मनन गरी वर्तमान सरकारले आर्थिक वर्ष ०७५/७६ को बजेटमार्फत सबै नेपालीको बैंक खाता खोल्ने महत्वाकांक्षी योजना ल्याएको छ, तर यसलाई व्यवहारमा उतार्न आवश्यक छ ।

अहिले देश संघीय राज्यमा गएको छ । संघीयता कार्यान्वयनका क्रममा गठन गरिएका ७ वटा प्रदेशका ७ सय ५३ मध्ये ४ सय २४ वटा स्थानीय तहमा वाणिज्य बैंकहरूको उपस्थिति रहेको छ । लगानी प्रवर्द्धनका लागि बाँकी स्थानीय तहहरूमा पनि यथाशीघ्र बैंक तथा वित्तीय संस्थाहरू स्थापना गर्न आवश्यक छ ।

नेपाल एक अति कम विकसित राष्ट्र हो । यसलाई आर्थिक विकासको पथमा द्रुत गतिले अग्रसर गराउन आन्तरिक लगानी मात्र पर्याप्त छैन । यसका लागि बाह्य लगानीको नितान्त आवश्यक छ । नेपालमा जलविद्युत्को माग प्रत्येक वर्ष तीव्र पले बढिरहेको छ । परन्तु हाल यहाँ १०० मेगावाटसम्मको २ देखि ३ वटा जलविद्युत् परियोजनाहरू मात्र एक पटक निर्माण गर्न सक्ने दक्ष जनशक्ति उपलब्ध छ । एकै समयमा धेरै जलविद्युत् आयोजना/परियोजनाहरू निर्माण गर्ने जनशक्तिको कमी भएकाले यहाँ जलविद्युत विकासमा तीव्र गति आउन सकेको छैन ।

वर्तमान अवस्थामा यहाँ १ मेगावाट जलविद्युत् उत्पादन गर्न सरदर १५ देखि २० करोडसम्म खर्च गर्नुपर्ने तथ्य एक अध्ययनले देखाएको छ । त्यसैले यहाँ थप विदेशी लगानी भित्र्याउन सके ६ हजार ५ सयदेखि ७ हजार मेगावाटसम्म थप जलविद्युत् उत्पादन गर्न सकिने अनुमान छ । योबाहेक आवश्यक जनशक्ति उपादनमा पनि केही सघाउ हुनेछ, किनभने वैदेशिक लगानी भित्र्याउनु भनेको नयाँ प्रविधि भित्र्याई स्वदेशी जनशक्ति पनि तयार पार्नु हो । तर यहाँ सुरक्षाको सुनिश्चितता नभएकाले चाहेजति वैदेशिक लगानी भित्र्याउन सकिएको छैन । यति मात्र होइन, दुई देशबीचको दोहोरो कर हटाउने सम्झौता गर्न नसक्नु, भारतीय मुद्रासँग सटही दर यथोचित परिपाटीबाट कायम गर्न नसक्नु र नेपाल विद्युत् प्राधिकरणले डलरमा पीपीए गर्न आनाकानी गर्नाले यहाँको आवश्यकताअनुरूप वैदेशिक लगानी भित्र्याउन सकिएको छैन ।

नेपाल एक कृषि प्रधान देश भए पनि कृषिक्षेत्रको प्रतिफलले मात्र यहाँको बढ्दो जनसंख्याको सामान्य मागलाई समेत धान्न सक्ने अवस्था छैन । कृषिक्षेत्रबाट मात्र यहाँ आर्थिक विकास सम्भव नभएकाले औद्योगिक विकास गर्न आवश्यक छ । यसका लागि वैदेशिक लगानीले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

कुनै पनि देशको आर्थिक विकासका लागि विज्ञान तथा प्रविधिले महत्वपूर्ण भूमिका खेल्छ । तर, हाम्रो देश उक्त क्षेत्रमा आजसम्म पनि निकै पछि परेको छ । त्यसैले यहाँको आर्थिक विकासको लागि उक्त क्षेत्रको तीव्र रूपले विकास गर्न आवश्यक छ, जसका लागि वैदेशिक लगानीले महत्वपूर्ण भूमिका खेल्ने भएकाले सम्बन्धित पक्षको ध्यान जान नितान्त आवश्यक छ ।

वैदेशिक लगानी प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०७२ सालमा तत्कालीन सरकारले काठमाडौंमा एक अन्तर्राष्ट्रिय सम्मेलन गरेको थियो । उक्त सम्मेलनमा यहाँ झन्डै १४ खरब रुपियाँ लगानी गर्ने प्रतिबद्धता गरिएको थियो । तर असुरक्षा एवम् अन्य कठिनाइहरूले गर्दा प्रतिबद्ध गरिएको अधिकांश रकम यहाँ भित्रिन सकेन ।

नेपालमा अधिकांश व्यक्ति कृषिमा आश्रित भए पनि हालसम्म पनि यस क्षेत्रको ठोस विकास गर्न सकिएको छैन । वास्तवमा यस क्षेत्रलाई अधिकतम् फाइदा लिन एकतर्फ बिउ-विजन, मलजल, सिँचाइ र यान्त्रीकरणको आवश्यकता छ भने अर्कातर्फ अनुसन्धानको पनि उत्तिकै आवश्यकता छ । यसका लागि वैदेशिक लगानीले केही योगदान पुऱ्याउन सक्छ ।

नेपालमा प्राप्त हुने प्रत्यक्ष करको हिस्साको राजस्वको एक-चौथाइ पनि नहुनाले यहाँको औद्योगिक विकासमा कमी र रोजगारीको क्षेत्रमा खडेरी परेको छ । विभिन्न कठिनाइले गर्दा यहाँको औद्योगिक क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा उल्लेखनीय योगदान पुऱ्याउन सकेको छैन । यसैले यहाँको औद्योगिक विकासका लागि ठूला उद्योगहरू स्थापना गर्न आवश्यक छ, जसका लागि वैदेशिक लगानीले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

वर्तमान समयमा यहाँ एक मेगावाट जलद्युित् उत्पादन गर्न सरदर १५ देखि २५ करोडसम्म खर्च गर्नुपर्ने कुरा एक अध्ययनले पुष्टि गरेको छ । तसर्थ यहाँ थप लगानी भित्र्याउन सके ६ हजार ५ सयदेखि ७ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने अनुमान छ । वास्तवमा उक्त लगानी भित्र्याउनु भनेको यहाँ नयाँ प्रविधि ल्याई स्वदेशी दक्ष जनशक्ति तयार गर्नु पनि हो । यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जान जरुरी छ ।

यथार्थतः यहाँ प्रतिस्पर्धात्मक व्यावसायिक सीपको विकास गरी वैदेशिक लगानीलाई प्रोत्साहन गर्न अपरिहार्य देखिन्छ । यसका लागि लगानी प्रक्रियालाई आकर्षक बनाउन विद्यमान व्यवस्थापन प्रणालीको सुधार गर्नुपर्छ ।

# हात्ति छिऱ्यो, पुच्छर अड्कियो !

**विशाल पार्टीका कयौं कार्यकर्ताहरूदेखि लिएर केन्द्रियस्तरका कयौं नेताहरूलाई जिम्मेवारीमा ढाल्नको लागि पक्कै पनि सजिलो छैन र चुनौतिका पहाडहरू पनि नतेर्सिएका होइनन्, र पार्टीको जुटलाई फुटमा परिणत गर्नको लागि देशी विदेशी शक्तिहरू पनि नलागेका होइनन्**



खिमराज गिरी

संघ र प्रान्तीय चुनाव हुंदाको बखतदेखि नै नेकपामा एकताको प्रकृया अगाडि बढ्दै जाँदा पार्टी वाहिरकाको त कुरै छौडौं भित्र पनि गुट र उपगुटले जेलिएर विभिन्न वैचारिक मतभेद खडागरी आ-आफ्नै सैद्धान्तिक शब्द जालको मैदानमा फुटवल खेलिरहेको अवस्थामा "जनताको जनवाद" मा कुरा मिल्यो र सैद्धान्तिक र वैचारिक मतभेदको करिव करिव अन्त्य भएकोले नै होला सायद ने.क.पा.मा गत केहि दिन आन्तरिक विचलन नआएर नै पार्टीको केन्द्रदेखि तल्लो तहसम्म पार्टी एकताको प्रकृया टुङ्गो लाग्न खोजेको यो वर्तमान अवस्थामा स्कुल विभागको जिम्मा कसलाई दिने भन्ने कुरामा सहमत हुन नसक्दा फेरि केहि दम्भ र घमण्डका शब्द जालहरु वजारमा आएका छन् । हुन त यो विशाल पार्टीका कयौं कार्यकर्ताहरुदेखि लिएर केन्द्रियस्तरका कयौं नेताहरुलाई जिम्मेवारीमा ढाल्नको लागि पक्कै पनि सजिलो छैन र चुनौतिका पहाडहरु पनि नतेर्सिएका होइनन्, र पार्टीको जुटलाई फुटमा परिणत गर्नको लागि देशी विदेशी शक्तिहरु पनि नलागेका होइनन् तापनि कुनै पनि नेताहरुले त्यसमा पनि कम्युनिष्ट पार्टीको खोल ओढिसकेपछि र चुनावताका जनताको अगाडि हामी कुनै नेता गणहरुले सैद्धान्तिक र व्यवहारिक विचलन ल्याउँदैनौ र नैतिकताको धरातलमा जनता र नेपाल आमाको कसम खाई देस र जनताकै लागि हरपल समर्पित हुनेछौं भनि गरेका वाचाहरु अहिले किन साना तिना झिना मसिना कुराहरुमा पनि तगारो वनि अगाडि तेर्सिएका छन् त ? यसवारेमा ने.क.पा.का केन्द्रियस्तरका नेताहरुले सोच्नैपर्ने वेला आएको छ । अहिले पार्टीका हरेक तह र तप्कामा प्रमोसन हुनको लागि गुट र उपगुटको खेल पनि नभएको होइन तै पनि केहि स्वयमित कार्यकर्ताहरुको कारणले यी समस्याको समाधान हल भएर गएका छन् र तल्लोस्तरमा केन्द्रमा झै तछाड मछाडको स्थिति खासै भएको पाइएको छैन तर ताप्के नताती विड मात्र तातेर के गर्नु, पार्टीका जिम्मेवार नेताहरुले वैठकमा एउटा कुरा गर्ने अनि वाहिर निस्केपछि मिडियाको अनुहार देखाए त के के उपलोस्तरमा पुगिन्छ भनि भए नभएका गुनासहरु पोख्ने अनि "उसै त चरी पंखेटा झरी, उड्ने कसो गरी " भनेजस्तो कार्यकर्ताको मनै भरङ्ग ! त्यसैले विगतको लामो इतिहास सम्झि दम्भ र घमण्डले कुनैपनि पार्टीहरुको राजनैतिक यात्रा सफल नभएको धरातलीय यर्थाथलाई मध्यनजर राख्दै स्वार्थको भुमरीमा अल्झिएर धमिलो पानिमा माछा मार्न पल्केका विचौलिया दलालहरुको भित्रिरुपमा पार्टी विगार्ने दाउपेचलाई समयमा नै पहिचान गरी यस्ता कुहिएका आलुलाई वेलैमा वाहिर फ्याँकिदिने र देसमा भएका प्रत्येक तहका सरकारका प्रतिनिधिलाई कर्मचारी संयन्त्रको भ्रष्टाचारी महाजालमा नअल्झि आ आफनो जिम्मेवारी वहन गर्दै देस र जनताको लागि हरपल सकारात्मक काम गर्न सक्ने असल प्रतिनिधिको पहिचान नगुमाउनको लागि स्कुलिङ्ग गर्न र पार्टीगत स्वार्थभन्दा पनि राष्ट्को स्वार्थमा लागिपर्ने जनप्रतिनिधि वन्ने प्रेरणा जसले दिनसक्छ त्यस्ता वौद्धिक व्यक्तित्वको खाँचो आजको दिनमा भएकोले अनावश्यक मिडियामा हल्ला फिँजाई गरेको विज्ञापनले न पार्टीको हित हुन्छ, न देस र जनताको हित । त्यसैले विगत लामो समयदेखि पार्टीका शिर्षस्त नेताहरुले कयौं अप्ठ्यारा डुङ्गाहरु पारगर्दै आइरहेको वर्तमान अवस्थामा सम्पूर्ण कार्यहरुको समाधान हुँदा स्कुल विभाग कसले लिने भनेर गुट र उपगुटको खेति गरी मिडियालाई मसला वनाउन दिनुभन्दा पार्टीमा चाहे एक तह तल्लो ओहदामा किन नहोस् वौद्धिक व्यक्तित्वको छनौट गरी उक्त विभागको जिम्मेवारी दिंदा नै सवैको भलाई होला अन्यथा यस्ता झिना मसिना कुराहरुमा अल्झिएर "हात्ति छिर्यो, पुच्छर अड्कियो " भनेजस्तो, "के निउँ पाउँ, कनिका केलाउँ " भनेर वस्ने वेला होइन यो ।

khemraj8.giri@gmail.com

# राष्ट्रियसभामा अख्तियारको बहस



**काठमाडौं/मस–** सांसद्हरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छविलाई निश्पक्ष र पारदर्शी बनाउँदै अध्ययनको क्षेत्राधिकार बढाउनुपर्ने माग गरेका छन् । राष्ट्रियसभाको आइतबारको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तेश्रो संशोधन विधेयक २०७६ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा सहभागी हुँदै उनीहरुले आयोगको छविलाई निश्पक्ष, पारदर्शी र जनविश्वासी बनाउनुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रियसभा सदस्य राधेश्याम अधिकारीले विधेयमा रहेका संविधान विरुद्धका प्रावधान हटाउनुपर्ने माग गरे । कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी पदको दुरुपयोग गरेको अवस्थामा अनुचित कार्य हेर्ने र भ्रष्टाचार सम्बन्धी कार्य हेर्ने गरी दुई जिम्मेवारी दिइएकोमा पछि अनुचित कार्य हेर्ने जिम्मेवारी अख्तियारको क्षेत्राधिकारबाट निकालिएको प्रसंग उल्लेख गर्दै उनले अनुचित कार्य सम्बन्धी छुट्टै कानूनी व्यवस्था गरेर अख्तियार सम्बन्धी विधेयकलाई थप स्पष्ट बनाइनुपर्ने तर्क गरे ।

उनले भने, 'अख्तियारको हस्तक्षेप हुनुहुँदैन भनेर जुन अनुचित कार्य हटाइएको थियो, त्यसको प्रतिकुल फेरी घुमाएर ल्याउने काम भयो । यो काम संविधान विरुद्ध भएको कारणले यसलाई संशोधन गर्नुपर्ने अवस्था देख्छु ।'

त्यस्तै सांसद् प्रकाश पन्थले विधेयकले संघीय र प्रादेशिक सरकारलाई नीतिगत रुपमा नै भ्रष्टाचार गर्न मिल्ने गरी विधेयक ल्याइएको दाबी गरे । प्रदेश सरकारको मन्त्रीपरिषद्ले गरेको निर्णयलाई बचाउने र संरक्षण गर्ने गरी विधेयकमा व्यवस्था गरिएको भन्दै उनले भ्रष्टाचार भएमा क्याविनेटको निर्णय पनि छानविन गर्न पाउने गरी आवश्यक व्यवस्था गरिनुपर्ने बताए ।

सांसद् ब्रिशेष चन्द्र लालले अख्तियारको अनुसन्धानको दायरा बढाउने भन्दा घटाउने काम भएको भन्दै दायरा सानो बनाउनु उपयुक्त नहुने बताए । अख्तियारका आयुक्तले पुर्वाग्रह अनुसार काम गरेको पाइएमा उनीहरुलाई कारवाहीको दायरामा ल्याउन सक्ने गरी ऐनको व्यवस्था गरिनुपर्ने उनको तर्क थियो । उनले भने, ' यो अख्तियार त सिण्डिकेट जस्तो प्रयोग भइरहेको छ । वरिष्ठ र ठुला ठुला राजनीतिक पदहरुमा जानेहरुका फाईलहरु छन् । तर ती फाईलहरु राजनीतिक नियुक्ति दबाएर राख्ने अनि अन्य बेलामा त्यो फाईलको चर्चा गर्ने । एउटा हतियारको रुपमा प्रयोग भइरहेको छ । अख्तियारले पारदर्शीता कसरी अपनाउन सक्छ त्यो संशोधन मार्फत आउनु पर्‍यो ।'

जितेन्द्र नारायण देवले मुलुकलाई भ्रष्टाचार मुक्त गर्ने हो भने पहिला अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नै भ्रष्टाचार मुक्त बनाउनुपर्ने भएकाले त्यस सम्बन्धी प्रावधान संशोधन विधेयकमा राखिनुपर्ने बताए । हाम्रै कुशासनका कारण प्रतिगमन आउँछ र त्यो भ्रष्टाचारको घोडामा चढेर आउँछ भनेर आफुले भन्दै आएको स्मरण गर्दै उनले त्यसको झल्को केही समय अघि 'ललिता निवास प्रकरणमा अख्तियार राजनीतिक संकेत पर्खेर बसेका' भन्ने समाचारले दिएको तर्क गरे । उनले राजनीतिक भागवण्डाको आधारमा आयुक्तहरु नियुक्त गर्ने पद्धतिको अन्त्य गर्नुपर्ने उल्लेख गरे । उनले विधेयकमा उल्लेखित 'नीतिगत निर्णयबारेमा कुनै छानविन र अनुसन्धान नहुने' भन्ने व्यवस्थालाई पुनर्विचार गर्न आग्रह गरे ।

सैद्धान्तिक छलफलमा उठेका जिज्ञासाको सम्बोधन स्वास्थ्य तथा जनसंख्या मन्त्री र कानून न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले भ्रष्टाचारीहरुको दिनगन्ती शुरु भएको र भ्रष्टाचारबाट प्रतिगमन आउने खतराबाट नेपाल मुक्त बनेको बताए । उनले भने, 'भ्रष्टाचारबाट प्रतिगमन आउने खतराबाट अब नेपाल मुक्त भएको छ र अब भ्रष्टाचारीहरुका दिनगन्ती शुरु भएका छन् र सरकारले भ्रष्टाचारीलाई दण्डित गर्ने प्रक्रिया अघि बढाउँछ ।'

उनले अख्तियारको ऐनलाई संविधान अनुकुल बनाई काम गर्न सहज होस् भन्ने दृष्टिले सरकारले संशोधन ल्याएको भन्दै उनले अधिकारकै पदाधिकारीले अनियमितता गरेको पाइए उनीहरु कानूनी दायरामा आउने विश्वास दिलाए ।

ललिता निवास प्रकरण सरकारले नै उत्खनन् गरेकाले त्यस प्रकरणलाई लिएर सरकारको बचाउ गर्नुपर्ने अवस्था नरहेको मन्त्री ढकालले उल्लेख गरे । उनले भने, 'ललिता निवास प्रकरण यही सरकारको पालाममा उत्खनन् भएर बाहिर आएपछि सबैले यसलाई मेलोडी भाषामा गीत गाउन पाएका छन् । यसमा कुनै सरकारलाई बचाउनु पर्ने, संरक्षण गर्नुपर्ने छैन ।'

अनुचित कार्यको सम्बन्धमा अख्तियारका पदाधिकारीले जथाभावी प्रयोग गर्ने गरेको पाइएकाले धेरै छलफलपछि संविधानबाट नै हटाइएको स्पष्ट पारे । संविधानको विपरित भएको विधेयक संसदबाट पास नहुने भन्दै उनले संविधानसँग बाझिएको भए छलफल गरी संविधान अनुकुल बनाउन प्रयत्न गरिने प्रतिवद्धता जनाए ।

प्रदेशलाई ऐन बनाएर सो ऐन अनुसारको निर्णय गर्न सक्ने प्रावधान विधेयकमा राखिएको पनि उनले स्पष्ट पारे । सार्वजनिक पद धारण गरेको व्यक्तिले सार्वजनिक पद धारण गरेको ३ महिना भित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था यथावत रहेको तर सो विवरण सार्वजनिक गर्ने वा नगर्ने भन्ने विषय भने बहसमै रहेको उनले स्पष्ट पारे ।

# नेपाली भाषालाई कमजोर नबनाऔं : शिक्षामन्त्री



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले नेपाली भाषालाई कमजोर बनाउने गरी अंग्रेजी भाषाको प्रयोगमा जोड दिन नहुने बताएका छन् । विश्व निकेतन माध्यमिक विद्यालय काठमाडौंको ७४औं वार्षिकोत्सव समारोहमा बोल्दै उनले दक्षिण एशियाको पुरानो भाषाका रुपमा रहेको नेपाली भाषालाई बलियो बनाउँदै अंग्रेजी भाषाको प्रयोगमा जोड दिनुपर्ने बताए ।

'अंग्रेजी मात्र होइन, चिनियाँलगायतका अन्य भाषाको सिकाइ र प्रयोग गर्दै जानुपर्छ,' उनले भने, 'अंग्रेजी भाषाको प्रयोग बढ्दै जाँदा नेपाली भाषा कमजोर बन्दै जाने सम्भावना बढेर गएको छ ।'

मन्त्री पोखरेलले शिक्षाले देशको समग्र विकासको खाका तयार पार्ने बताउँदै शिक्षा क्षेत्रको विकास बिना सरकारले अघि सारेको 'समृद्ध नेपाल सुखी नेपाली'को नाराले सार्थकता पाउन सक्दैन भने । उनले नयाँ–नयाँ प्रविधिको उपयोग गर्न नसके मुलुकले विकासमा फड्को मार्न नसक्ने औंल्याउँदै राज्यले प्रविधिमैत्री शिक्षामा जोड दिएको बताए ।

'पहिले/पहिले शिक्षक र पुस्तकलाई ज्ञानको केन्द्र मानिन्थ्यो,' उनले भने, 'प्रविधिको विकाससँगै अहिलेका विद्यार्थीले इन्टरनेटको प्रयोगले आफैं पनि धेरै सिक्न थालेका छन् ।' उनले शिक्षालाई उत्पादनशील, सभ्य र सुसंस्कृत बनाउन विद्यालयलाई सबल बनाउनुपर्ने बताए । सामुदायिक विद्यालयमा सिकाइ केन्द्रीत सुधारको आवश्यकता रहेकामा उनले जोड दिए ।

# नेविसंघ कार्यसमिति विस्तार



**काठमाडौं/मस–** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको केन्द्रीय तदर्थ समितिमा पदाधिकारी थप गरी विस्तार गरिएको छ । कांग्रेसको २०७५ साल फागुन १ गतेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार पार्टी सभापति शेरबहादुर देउवाद्वारा गठित संघको केन्द्रीय समितिमा आइतबार दुई उपसभापति र पाँच महामन्त्री मनोनयन गरिएको पार्टी कार्यालयले जनाएको छ । संघको केन्द्रीय कार्यसमितिको उपसभापतिमा तुलसा पन्त (झापा) र मुक्तिराज पौडेल (रुपन्देही) तथा महामन्त्रीहरुमा दीपक भट्टराई (तनहुँ), उर्मिला थपलिया (धादिङ), प्रभातकुमार दाहाल (मकवानपुर), बलदेव तिमल्सिना (सिन्धुपाल्चोक) र युवराज पाण्डे (स्याङ्जा) लाई मनोनयन गरिएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । सभापति देउवाले यसअघि यही माघ १६ गते राजीव ढुंगानाको अध्यक्षतामा दुई महामन्त्रीसहित तीन सदस्यीय नेविसंघ केन्द्रीय तदर्थ कार्यसमिति गठन गरेका थिए । नेविसंघको केन्द्रीय समितिका बाँकी पदाधिकारी र सदस्यहरुको मनोनयन यथाशीघ्र गरिने उनले बताए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/१२

यस कम्पनीको मिति २०७६/०८/२१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिमूर्ति सह-शिक्षा विद्यालय प्रा.लि. (प्रा.लि.नं. १८९३४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **त्रिमूर्ति एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **स्टार रे ओभरसिज प्रा.लि.** (श्रम इजाजत पत्र नं. २८१/०५८/०५९) मा पब्लिक रिलेशन अफिसर (पीआरओ) पदमा ललितपुर-१४ स्थायी ठेगाना भएको **गोपाल दास श्रेष्ठ**लाई मिति २०७६/१०/०२ गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज श्रेष्ठसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

श्रम इजाजत नं. २८१/०५८/०५९

**स्टार रे ओभरसिज प्रा. लि.**

नख्खु दोबाटो, रिङ्गरोड, ललितपुर, पोष्ट बक्स नं. १२४८१, फोन: ५१९०११२

starray.com.np@gmail.com | Web: starrayoverseas.com.np

## Ashok Leyland Vehicle MRP

(Effective from 3rd February, 2020)

| S.N. | Model | MRP |
|---|---|---|
| 1 | Dost Plus Reefer Pickup Container | 2,380,000/- |
| 2 | Dost Strong Reefer Pickup Container | 2,495,000/- |
| 3 | Guru 4x4 715 Recovery Truck | 7,100,000/- |

IME MOTORS — Corporate Office: Panipokhari, Kathmandu Tel: +977-1-4002572 / 4002573 — ASHOK LEYLAND

## मलेशियामा रोजगार | Company : MORENO UPHOLSTERY INDUSTRIES City : JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/१९ चलानी नं.: ६०१५१००९ L.T. No.: 231843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 18 | 0 | स. काममा दक्ष | 1200 | ३३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**

श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०

बसुन्धारा-०३ काठमाडौं, फोन: ४३६११११, ४३६६३१८ Fax: 436474

Email : motherlandovs@gmail.com, info@motherlandovs.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEZT CLEAN INDUSTRIES SDN BHD, JALAN

पूर्व स्वीकृत मिति: २०७६/०९/२८ चलानी नं.: ६०१५००१९ LT. No.: 231067

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 6 | 0 | स. काममा दक्ष | 1100 | ३०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २७ गते (11 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**न्यू सृष्टि ओभरसिज प्रा. लि.** Govt. Lic No.: 1036/073/074

नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५

Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

## साउदीमा रोजगार | कम्पनी : SALMAN AL-WAKEEL ALUMINUM SYSTEMS FACTORY शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७६/१०/१९ चलानी नं.: ६०१५१०१६ LT. No.: 232035

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**New S.V. International Pvt. Ltd.** Lic No.: 426/060/061

House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal

Tel: +977-01-4720331, E-mail: info@newsvintl.com.np , Web: www.newsvintl.com.np

## कतारमा रोजगार | १. कम्पनी: SHAMS AL WATAN TRADING AND CONTRACTING CO WLL शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९७९३ LT. No.: 230775 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 13 | 0 | स. काममा दक्ष | 900 | २८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Black Smith | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 4. | Brick Mason | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ७८,७०० | | | | | | | |
| 6. | Building Worker | 2 | 0 | | 900 | २८,३३० | | | | | | | |
| 7. | Driver | 1 | 0 | | 1400 | ४४,०७० | | | | | | | |
| 8. | Electric Tech. | 1 | 0 | | 1500 | ४७,२२० | | | | | | | |
| 9. | Electrician (Gen.) | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 10. | Ceramic Worker | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 11. | Painter | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 12. | Mason | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 13. | Plumber | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 14. | Pipe Fitter | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 15. | Plaster Worker | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 16. | Tile Maker | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 17. | Technician | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |

२. कम्पनी: SMART CITY CLEANING WLL शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७६/१०/०७ चलानी नं.: ६०१५०२८० LT. No.: 231399

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen. Clean. Worker | 35 | 0 | | 1000 | ३१,१६० | | | | | | | |
| 3. | Public Administrative | 1 | 0 | | 3000 | ९३,४८० | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ६८,५५० | | | | | | | |
| 5. | Genearl Supervisor | 1 | 0 | | 3500 | १०९,०६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.R. International Employment Services Pvt. Ltd.**

(SCM MANPOWER COMPANY PVT. LTD.)

Creating Opportunities Worldwide. Gov. Lic No. 247/058/059

House no:268-01, (Opposite to nova Academy) Dhapasi,Basundhara-8, Kathmandu

G.P.O. box no 8974 CPC 203, Tel.: 4359611, 4358512, Mob.: 9851039487, 9851064896, 9801080947, 9851019574

E-mail: hrintl2016@gmail.com, Web: www.hrintnepal.com

## साउदीमा रोजगारको अवसर | कम्पनी : REZA FOOD SERVICE CO. LTD शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/१०/१९ चलानी नं.: ६०१५१०५१ L.T. No.: 232341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main waiter | 50 | 0 | स. काममा दक्ष | 1350 | ४०,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Vision & Value Overseas Pvt. Ltd.** License No.: 822|066|067

GPO Box: 7764, Samakhushi ,townplanning, Kathmandu

Tel: 4358395, 4359043, 4359043, Fax: 4387582

Email: applyvnv@gmail.com | URL: vnvjobs.com

## SAUDI मा रोजगार | कम्पनी: ALGHURAIRY TRADING AND CONTRACTING CO.. शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/१८ चलानी नं.: ६०१४९५४४ L.T. No.: 229734 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 28 | 0 | स. काममा दक्ष | 1000 | ३०,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**

श्रम इजाजत नं. १६३/०५६/०५७

पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com

फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

# सरसफाई अभियानमा सक्रिय संघसंस्था र व्यक्तिहरू सम्मानित

**मुना न्यौपाने/मध्यान्ह**
ललितपुर, माघ १९ गते

ललितपुर चक्रपथ र मुख्य सडक सरसफाई तथा सुन्दरता अभियानमा सक्रिय रुपमा योगदान पुऱ्याउने संघसंस्था तथा व्यक्तिहरू सम्मानित भएका छन्। ललितपुरस्थित डिलाइट पार्टी भेन्यूमा शनिबार आयोजित एक कार्यक्रमबीच पूर्व प्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले उनीहरूलाई सम्मान गरेका हुन्।



नेप्सेम्याक सेवा प्रा.लि- नयाँबाटो, ललितपुर, सिर्जनसिप सेवा प्रा.लि- खुमलटार ललितपुर, बहुउद्देश्यीय क्लिनिङ सर्भिस प्रा.लि र महानगरीय प्रहरी परिसर ललितपुरले अतुलनीय अनवरत सहयात्रा सम्मान प्राप्त गरेका छन्। त्यस्तै उल्लेखनीय सहभागिता तथा सहयोग सम्मान नेपाली सेना राजदल गण- लगनखेल, सशस्त्र प्रहरी बल दक्षिणकाली गण- खुमलटार, महानगरीय प्रहरी वृत्त- सातदोबाटो, महिला वातावरण समूह, नेपाल फूलबारी सेवा प्रा.लि., भुवनेश्वरी माता इन्भेष्टमेन्ट प्रा.लि., २१ ग्रुप प्रपर्टी डिलर्स प्रा.लि., प्रहरी नायव निरीक्षक कृष्णप्रसाद सिटौला, माधव तिमल्सिना, तुलसीराम अधिकारी, महेन्द्र मानन्धर र सुदीप अधिकारीले प्राप्त गरेका छन्।

त्यसैगरी उल्लेखनीय सहयोग सम्मान सुमेरु अस्पताल, कुमारी बैंक लिमिटेड, महिला वतावरण संरक्षण समिति(कुपण्डोल), महानगरीय ट्राफिक प्रहरी वृत्त सातदोवाटो, गणेशमान मेमोरियल अस्पताल, महालक्ष्मीस्थान, नेपाल रेडक्रस सोसाइटी जावलाखेल, डिलाईट पार्टी भेन्यू, परिचित बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नेप्को नेपाल, जनचेतना सुवास पालिक्लिनिक, प्रहरी नायव निरीक्षक कृष्ण थापा लगायतले प्राप्त गरेका छन्।

प्रमुख अतिथि नेपालले घर र वरिपरि वातावरणलाई संरक्षण गर्ने कार्यमा पुरुषभन्दा महिलाले इमान्दारिताका साथ कार्य गर्ने धारणा राख्दै शिक्षाले मात्रै होइन, चेतनाको विकास हुन सकेको खण्डमा मात्र सरसफाई गर्ने कार्यक्रममा जागरुप आउने कुरामा उनले जोड दिए।

अभियानका संयोजक लक्ष्मीप्रसाद दुलालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका विशेष अतिथिहरूमा प्रतिनिधिसभा सदस्य पम्फा भुसाल, कृष्णलाल महर्जन, प्रदेशसभा सदस्य राजकाजी महर्जन र जीवन खड्काको सहभागिता रहेको थियो।

त्यस्तै अतिथिहरूमा पूर्व सभासद् सुशीला नेपाल, प्रुमख जिल्ला अधिकारी भागिरथ पाण्डेय, जिल्ला समन्वय समितिका प्रमुख अम्बरबहादुर खड्का, ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद भट्टराई, प्रहरी उपरीक्षक दुर्गा सिंह, नेपाली सेना राजदल गणका गणपति(कर्णेल) उत्तम सापकोटा, वरिष्ठ कलाकार किरण केसी, फोहरमैला व्यवस्थापन संघ नेपाल (स्वमान)का अध्यक्ष धनप्रसाद आचार्य, वातवारण संरक्षण गैरसरकारी संस्था महासंघका अध्यक्ष टिकाराम दाहाल, नेकपा ललितपुर जिल्ला इञ्चार्ज हरि दाहाल, नेकपा ललितपुर जिल्ला अध्यक्ष हरिकृष्ण ब्यञ्जनकार, ललितपुर महानगरपालिका वडा नं. १४का अध्यक्ष रामबाबु महत, ललितपुर महानगरपालिका वडा नं. १५ का अध्यक्ष सुर्दशन मिश्र, ललितपुर महानगरपालिका वडा नं १७ का अध्यक्ष विनोद महर्जन, ललितपुर महानगरपालिका वडा नं. ३ का अध्यक्ष श्रीगोपाल महर्जन, ललितपुर महानगरपालिका वडा नं. १३ का अध्यक्ष गणेश केसी, सशस्त्र प्रहरी बल दक्षिणकाली गणका डिएसपी नरबहादुर राउत, अतिरिक्त महानगरीय प्रहरी वृत्त सातदोबाटोका प्रहरी नायव उपरीक्षक(डिएसपी) मित्रबन्धु शर्माको उपस्थिति रहेको थियो।

त्यस्तै अन्य अतिथिहरूमा सुमेरु ग्रुपका अध्यक्ष भरत महर्जन, फोहरमैला व्यवस्थापन संघका उपाध्यक्ष सहदेव राउत, ललितपुर महानगरपालिका कार्यपालिका सदस्य संगीता अछामी, महानगरीय ट्राफिक प्रहरीवृत्त सातदोबाटोका प्रमुख भेलामान सिंह अधिकारी, स्थानीय नागरिक सरोकार मञ्चका अध्यक्ष रुद्रकुमार जोशी, ललितपुर महानगरपालिकाका वातावरण इन्जिनियर प्रदीप अमात्य, डिलाइट पार्टी भेन्युका सञ्चालक कृष्ण हुमागाईं लगायतको उपस्थिति थियो।

# काठमाडौंदेखि कपिलवस्तुसम्म 'शान्ति पैदल यात्रा' हुँदै

**काठमाडौं/मस-** विश्व शान्तिको कामना गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय तहका ६० बौद्ध भिक्षुले आगामी फागुन १ गतेदेखि काठमाडौंदेखि कपिलवस्तुसम्म 'शान्ति पैदल यात्रा' गर्ने भएका छन्।



काठमाडौंको स्वयम्भूदेखि शुरु हुने उक्त पैदल यात्रा फागुन २० गते कनकमुनि बुद्धको जन्म भूमि निग्लिहवा पुगेर समापन गरिनेछ। आनन्दकुटी विहारको संयोजनमा हुने उक्त कार्यक्रममा दैनिक करिब ३० किलोमिटर हिँड्ने लक्ष्य लिइएको छ। यात्राका क्रममा स्कूलको खुला मैदान वा खुला चौरमा बास बस्दै यात्रालाई निरन्तरता दिइनेछ।

कार्यक्रमका संयोजक भिक्षु पन्नामूर्ति महास्थवीरले विश्वमा अहंकार र महत्वाकांक्षाले गर्दा द्वन्द्व, हिंसा र अशान्ति बढिरहेका बेलामा बुद्धको आदर्शलाई अनुसरण गर्न कार्यक्रम गर्न लागिएको जानकारी दिए। विश्वकल्याणका लागि बुद्धले सिकाएको अहिंसा, मैत्री र करुणाको आदर्श फैलाउन दुःखकष्ट गरेर भए पनि पैदल यात्रा गर्न लागिएको उनले बताए।

काठमाडौंको पश्चिममा रहेको चन्द्रगिरि डाँडा, मकवानपुरको चित्लाङ, हेटौंडा, नारायणघाट, भूमही, रामग्राम, लुम्बिनी, निग्रोधाराम हुँदै टोली निग्लिहवा पुग्नेछ। यात्राका क्रममा ठाउँठाउँमा भिक्षा मागेर भोजनको व्यवस्था गराइनेछ जुन बौद्ध भिक्षु व्यवस्थापनको अभिन्न पक्ष हो।

यात्रामा थाइल्याण्डका भिक्षु सोमछाई महास्थवीरको नेतृत्वमा २० भिक्षु सहभागी हुने कार्यक्रम छ। यात्रा अवधिमा स्थानीयवासीलाई बुद्ध शिक्षा र शान्तिका बारे, ज्ञान, ध्यान, दर्शनका बारे जानकारी गराइनेछ। शान्ति यात्रा करिब ४०० किलोमिटर हुनेहुँदा यसक्रममा सिमेन्टका बुद्ध मूर्ति निर्माण गरेर केही स्कूल, हस्पिटल र विहार (गुम्बा) लाई निःशुल्क वितरण गरिने जनाइएको छ।

# निबन्धभित्र रवीन्द्र अधिकारीको खोजी



**पोखरा/मस-** तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको प्रथम वार्षिक स्मृति दिवसमा राष्ट्रियस्तरको निबन्ध प्रतियोगिता हुने भएको छ। गत वर्ष फागुन १५ गते ताप्लेजुङमा हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका अधिकारीको स्मरणमा गठित 'रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठान'ले राष्ट्रव्यापी प्रतियोगिताको आयोजना गरेको प्रतिष्ठानका महासचिव धनराज आचार्यले जानकारी दिए। 'विकास, राजनीति र रवीन्द्र अधिकारी' शिर्षकमा निबन्ध प्रतियोगिता राखिएको छ।

'रवीन्द्र अधिकारी शब्दमा नअटाउने नेता हुनुहुन्थ्यो, विकास र समृद्धिको स्पष्ट सोच भएको दूर दृष्टि नेता हामीले गुमायौं, विद्यार्थी राजनीतिबाट सफल हुँदै मन्त्री हुनुभएका अधिकारीको स्मरणमा निबन्ध प्रतियोगिताको आयोजना गरेका हौं,' आचार्यले भने। उनले अधिकारीका 'संविधानसभा : लोकतन्त्र र पुनसंरचना', 'समृद्ध नेपाल'लगायत राजनीति एवं विकाससम्बन्धी थुप्रै लेख प्रकाशन भइसकेको बताए।

प्रतियोगितामा नेपालभरका विश्वविद्यालय र क्याम्पसहरुमा अध्ययनरत नियमित विद्यार्थीहरुको सहभागिता रहने र यसका लागि प्रतिष्ठानले पत्राचारसमेत गरिसकेको प्रतियोगिताका संयोजक डोलराज पाण्डेले जानकारी दिए। प्रतियोगितामा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत नियमित विद्यार्थीहरु मात्र सहभागी हुन पाउने छन्। एउटै विश्वविद्यालय र क्याम्पसबाट एक वा सो भन्दा बढीले समेत सहभागिता जनाउनसक्ने पाण्डेले बताए। सहभागीले यही माघ मसान्तसम्म दुई हजार ५०० शब्दमा आफ्नो स्पष्ट परिचय खुलाएर इमेल वा अन्य माध्यमबाट निबन्ध प्रतिष्ठानको कार्यालय पोखरा-८ न्यूरोडमा पठाइसक्नुपर्नेछ।

प्रतियोगितामा प्रथम हुनेलाई रु २५ हजार, दोस्रोलाई रु २० हजार र तेस्रोलाई रु १५ हजार पुरस्कार प्रदान गरिने छ। विजेतालाई आगामी फागुन १५ गते अधिकारी स्मृति दिवसमा पुरस्कार हस्तान्तरण गरिने जनाइएको छ।


## माइग्रेसन हरायो

मिति २०७६/०९/१० गते लैनचौरबाट भृकुटीमण्डपसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

**नाम** : नविन गुप्ता
**ठेगाना** : पध्रौटा-५, बारा
**सिम्बोल नं.** : २३२०१७७०
**रजिष्टेशन नं.** : ७०३२१९०३४
**फोन** : ९८४५७८८८५१

## मोटरसाइकल हराएको सूचना

मिति २०७६/०९/२० गते चन्द्रागिरी न.पा.-१३, मितेरीचोकस्थित आफ्नै घरको कम्पाउण्डमा पार्किङ गरी राखेको स्थानबाट राती अन्दाजी १:३० बजेको समयमा प्रदेश ३-०२-०१० प ५३६० नम्बरको यामाहा MT-15 ABS Model 2019 को कालो रङको मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

**सवारी धनी** : प्रज्वल गौतम
**ठेगाना** : चन्द्रागिरी-१३, मितेरीचोक, पुरानो नैकाप
**च्यासिस नं**: MEIRG5915K0023107
**इन्जीन नं** : G3K5E0116191
**सम्पर्क** : ९८४०३१७८६०

## UAE मा रोजगार | कम्पनी: T P H PUBLIC HEALTH PESTCONTROL SERVICES ONE PERSON CO. LLC
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१०/१९ चलानी नं.: ६०१५१०२७ LT. No.: 230939

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 0 | 18 | स. काममा दक्ष | 900 | २८,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २७ गते (10 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Almighty International Manpower Services Pvt.ltd.**
Govt. Lic. No. 1440/074/075
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com

## शुन्य (0) लागतमा मलेशियामा रोजगारको अवसर
Company: Wahad Safeguard (M) Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७६/९/२५ चलानी नं. ६०१४९८९५ LT No.: 230640

